वैशाख – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

| वर्ष २३, अङ्क १ | २०७१, वैशाख १–१५ | पूर्णाङ्क ५२३ |
| --- | --- | --- |



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (विक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा, सर्वोच्च अदालत - अध्यक्ष**
**रजिस्ट्रार श्री लोहितचन्द्र शाह, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुर सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
मुद्रण अधिकृत श्री राजाराम विडारी
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री मधुसुदनमान श्रेष्ठ
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर बुकवाइण्डर श्री गोकर्णप्रसाद पौडेल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइण्डर श्री यमनारायण भडेल
बुकवाइण्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइण्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री सीता धिताल
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | २ |
| संयुक्त | ११ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | २५ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | २ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | ६ |
| अन्तरिम आदेश | २ |
| जम्मा | ७२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएशन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नु पर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७०, चैत – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | १-२ |
| १. | उत्प्रेषण परमादेश | अधिवक्ता सुवास आचार्यसमेत वि. नेपाल नोटरी पब्लिक परिषद्, कुपण्डोल ललितपुरसमेत | |
| २. | उत्प्रेषण | अधिवक्ता राजीव बाँस्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिँहदरबार काठमाडौंसमेत | |
| **संयुक्त इजलास** | | | २-४ |
| ३. | उत्प्रेषण | गौरीशङ्कर चौधरी वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत | |
| ४. | निषेधाज्ञा | जोगिन्दर साह सुडी वि. सीया साहसमेत | |
| ५. | उत्प्रेषण परमादेश | सुर्मिलादेवी यादव वि. किशोरी साह तेलीसमेत | |
| ६. | निषेधाज्ञा | विनोद श्रेष्ठ वि. उपेन्द्रभक्त प्रधानाङ्गसमेत | |
| ७. | उत्प्रेषण परमादेश | रूपा पुन वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत | |
| ८. | परमादेश | मालपोत कार्यालय, चाबहिल, काठमाडौं वि. मीनु भट्टराईसमेत | |
| ९. | उत्प्रेषण | हरिलाल आचार्य वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | ५ |
| १०. | अपहेलना | यज्ञदेव भट्ट वि. डा. सुधा शर्मा | |
| ११. | परमादेश | ज्ञानप्रसाद पाण्डे वि. मालपोत कार्यालय, भद्रपुर झापासमेत | |
| **इजलास नं. २** | | | ५-७ |
| १२. | जग्गा खिचोला | मजिबुर रहमानसमेत वि. मदीना मुसलमान | |
| १३. | कर्तव्य ज्यान | सविता रिजाल वि. नेपाल सरकार, नेपाल सरकार वि. सविता रिजाल | |
| १४. | उत्प्रेषण | तुलसीनारायण महर्जनसमेत वि. सुरेन्द्रप्रसाद थपलियासमेत | |
| **इजलास नं. ३** | | | ७-९ |
| १५. | उत्प्रेषण परमादेश | शेरबहादुर महर्जनसमेत वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, काठमाडौंसमेत | |
| १६. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. सन्तोष महर्जन | |
| १७. | मानव बेचबिखन तथा ओसार पसार | शम्भु भन्ने समनराज उर्फ सुमन नेपाली वि. नेपाल सरकार | |
| १८. | नकबजनी चोरी | नेपाल सरकार वि. शम्भे नेपाली | |

| इजलास नं. ४ | | | ९-१४ |
|---|---|---|---|
| १९. | उत्प्रेषण | दीपककुमार गुप्ता वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत | |
| २०. | बन्दी प्रत्यक्षीकरण | शालीग्राम पराजुली वि. जिल्ला कारागार कार्यालय, कास्की पोखरासमेत | |
| २१. | निर्णय दर्ताबदर हककायम | आरतीदेवी यादवसमेत वि. जङ्गीलाल राय यादव | |
| २२. | उत्प्रेषण | विनोदकुमार उपाध्याय वि. सामान्य प्रशासन मन्त्रालयसमेत | |
| २३. | उत्प्रेषण परमादेश समेत | हेमबहादुर कार्कीसमेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालसमेत | |
| २४. | उत्प्रेषण | चिजलाल तौजलेसमेत वि. वेनगोपाल तौजलेसमेत | |
| २५. | उत्प्रेषण परमादेश | खीमबहादुर कार्की वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण, बबरमहल काठमाडौंसमेत | |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नौमान मोक्तानसमेत | |
| इजलास नं. ५ | | | १४-२३ |
| २७. | हक कायम जग्गा दर्ता | मुसगर्ने कमोदिया देवी वि. मायाराम यादव | |
| २८. | रकम दिलाई पाऊँ | मुरलीधर शर्मा वि. भवनाथ गौतम | |
| २९. | अंश चलन | जुजुभाइ श्रेष्ठसमेत वि. मकरनारायण श्रेष्ठ | |
| ३०. | अंशबण्डा गराई पाऊँ | श्रवणसिंह श्रेष्ठसमेत वि. विक्रम सिंह श्रेष्ठ | |
| ३१. | निषेधाज्ञा | मिथिला बिहारी यादव वि. दुलार यादव | |
| ३२. | निषेधाज्ञा परमादेश | नेपालगञ्ज भन्सार कार्यालय वि. महानन्द के.सी. | |
| ३३. | अंश चलन | बिन्देश्वर राय भन्ने रामस्नेही दास वैष्णव वि. जगन्नाथ दास | |
| ३४. | निषेधाज्ञा परमादेश | सोनावतीदेवी वि. मालपोत कार्यालय, महोत्तरीसमेत | |
| ३५. | निषेधाज्ञा परमादेश | विद्यानन्द चौधरीसमेत वि. सीतादेवी विमली | |
| ३६. | निषेधाज्ञा परमादेश | जोगेन्द्र महरा चमार वि. जिल्ला विकास समितिको कार्यालय, धनुषासमेत | |
| ३७. | निषेधाज्ञा | जितेन्द्र चौधरीसमेत वि. लक्ष्मी चौधरी | |
| ३८. | निषेधाज्ञा | भानसिंह धामी वि. गोपालसिंह धामी | |
| ३९. | उत्प्रेषण परमादेश | भविचन्द्र राई वि. एलिसा राइसमेत | |
| ४०. | उत्प्रेषण परमादेश | रतनलाल गुरूङ वि. जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौसमेत | |
| ४१. | आयस्ता बाली | कृष्णकुमार राई वि. सञ्चमान तामाङ | |

| | | |
|---|---|---|
| ४२. | भ्रष्टाचार | कुन्दनप्रसाद घिमिरे वि. नेपाल सरकार |
| ४३. | कम्पनी खारेज | जानकी दाहाल वि. जीवनाथ (जीवन) घिमिरेसमेत |
| ४४. | निषेधाज्ञा | विनयकुमार उपाध्याय वि. देवनाथ उपाध्यायसमेत |
| ४५. | लुटपीट | भगीरथ पोखरेलसमेत वि. गोपीकृष्ण पोखरेल |
| ४६. | अदालतको अपहेलना | रामप्रसाद साहसमेत वि. नेत्रकुमारी सिटौला |
| ४७. | अदालतको अपहेलना | मुनियादेवी थरूनी वि. भूमिलाल चौधरीसमेत |
| ४८. | बहुविवाह | राजकुमार तिवारी वि. नेपाल सरकार |
| | **इजलास नं. ६** | २३-२४ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | राजेशप्रसाद श्रेष्ठ वि. मनमाया घर्ती क्षेत्रीसमेत |
| ५०. | अंश दर्ता | कुमादेवी देव वि. हरिनारायण देव |
| ५१. | कर्तव्य ज्यान | राममिलन रैदास वि. नेपाल सरकार |
| | **इजलास नं. ७** | २४-२५ |
| ५२. | उत्प्रेषण समेत | सुरेन्द्र महतोसमेत वि. क्षेत्रीय पशु सेवा निर्देशनालय, ललितपुरसमेत |
| ५३. | उत्प्रेषण समेत | मोहनकुमार थापा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत |
| | **एकल इजलास** | २५-२६ |
| ५४. | अपहेलना | गगनसिँह नेगी वि. प्रा.डा. जयराज अवस्थीसमेत |
| ५५. | बन्दी प्रत्यक्षीकरण | राम श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत |
| | **रीत/बेरीत आदेश** | २६-२७ |
| १. | बैङ्किङ कसूर | मणिकलाल दास वि. नेपाल सरकार |
| २. | लागु औषध | पुरन हेल्मु वि. नेपाल सरकार |
| ३. | परमादेश | वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपाली वि. मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसमेत |
| ४. | कर्तव्य ज्यान | सुशील कुँवर वि. नेपाल सरकार |
| | **अन्तरिम आदेश** | २७-२८ |
| ५. | बन्दी प्रत्यक्षीकरण | चित्रबहादुर माझीसमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत |
| ६. | उत्प्रेषणयुक्त परमादेश | निर्मलरत्न प्रकाश वि. पुनरावेदन अदालत, पाटनसमेत |

## सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

    भाग १ : संवैधानिक कानून
    भाग २ : सार्वजनिक सरोकार
    भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
    भाग ४ : देवानी कानूनः सम्पत्ति
    भाग ५ : देवानी कानूनः पारिवारिक
    भाग ६ : फौजदारी कानूनः सरकार वादी
    भाग ७ : फौजदारी कानूनः दुनिया वादी
    भाग ८ : कार्यविधि कानूनः देवानी
    भाग ९ : कार्यविधि कानूनः फौजदारी
    भाग १० : उद्योग, वाणिज्य र कर
    भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फूलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

**विशेष इजलास**

१

**स.प्र.न्या. श्री खिलराज रेग्मी, मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६७-WS-००२५, उत्प्रेषण परमादेश, *अधिवक्ता सुवास आचार्यसमेत वि. नेपाल नोटरी पब्लिक परिषद्, कुपण्डोल ललितपुरसमेत*

योग्य व्यक्तिहरू सेवामा प्रवेश गरी निजामती सेवाको न्याय सेवामा लामो समय काम गरी पेशागत दक्षता र अनुभव हासिल भएका व्यक्ति र भर्खर कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिबीच कार्य प्रकृति फरकफरक रहेबाट ती दुबै हैसियतमा रहेका व्यक्तिहरूलाई एकै वर्गीकरणमा राख्नु वाञ्छनीय नहुने ।

नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा १२(क) मा पनि नोटरी पब्लिक हुन आवश्यक योग्यतामा कानून व्यवसायी र न्याय सेवाको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा रही सेवाबाट अलग भएको व्यक्तिबीच सोही कारण अलगअलग शर्त र योग्यता तोकिएको देखिएबाट उक्त कानूनी व्यवस्था निवेदकले उल्लेख गरेअनुसार समानताको सिद्धान्तविपरीत नदेखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश (५) मा कुनै उद्योग, व्यापार, पेशा, रोजगार गर्नको लागि राज्यले कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन सक्ने भन्ने संवैधानिक सीमा उल्लेख भएको देखिएको र राज्यले सोही संवैधानिक सीमाभित्र रही नोटरी पब्लिकसम्बन्धी ऐन, २०६३ को दफा १२(क) मा नोटरी पब्लिकको लागि अलगअलग शर्त र योग्यता तोकेको देखिँदा उक्त व्यवस्था समानताको सिद्धान्तप्रतिकूल नहुनुका साथै सो व्यवस्थाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च) ले प्रदान गरेको मौलिक अधिकारमा अनुचित बन्देज लगाएको भन्ने अवस्था नदेखिँदा निवेदक मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल माघ २५ गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९–WS–००२५, उत्प्रेषण, *अधिवक्ता राजीव बाँस्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

राष्ट्र, राष्ट्रियता र राष्ट्रिय हितका लागि प्रत्येक नागरिक तथा यी आबद्ध संघ संस्था निकाय समर्पित हुनैपर्दछ । राष्ट्रिय हितकाअगाडि अन्य सबै गौण हुन्छन् । राष्ट्रिय हितका परिसीमा र परिभाषा विधिकर्ताले गरेको हुन्छ । यी परिसीमा र परिधिको उल्लङ्घन गर्ने प्रावधानलाई संवैधानिक संरक्षण प्राप्त हुन नसक्ने ।

सत्यतथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गरी जवाफदेही, उत्तरदायी र विश्वास आर्जन गर्नु सञ्चारमाध्यमहरूको मूल मर्म मानिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ र राष्ट्रिय प्रसारण ऐन, २०४९ का परिप्रेक्ष्यमा नागरिकको सुसूचित हुन पाउने हक सञ्चार जगतलाई प्रत्याभूत प्रेस स्वतन्त्रताको महत्त्व र

यसलाई अनुगमन गर्ने कानूनी प्रावधानसमेतमा यस अदालतले आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने ।

राष्ट्रिय प्रसारण ऐन, २०४९ को उद्देश्य र मर्मविपरीत प्रसारण गरेमा त्यस्तो संस्था वा प्रसारकलाई सजायको व्यवस्था हुनु वाञ्छनीय नै हुँदैन भन्दा राष्ट्रिय हितको सर्वोपरिताका सिद्धान्तमा विचलन आउँछ । अनुशासनहीन प्रबन्ध र आत्मसंयमहीन आचरणले अन्ततोगत्त्वा मौलिक हकको मात्र नभई संविधानकै मूल्य र मान्यतामा प्रहार गर्न पुग्दछ । ऐन र यसअन्तर्गत बनेको वा बन्ने नियमका व्यवस्थालाई उल्लङ्घन गर्ने प्रसारक संस्था, प्रसारक तथा अन्य व्यक्तिलाई सजाय नहुने हो भने दण्डहीनताले प्रश्रय पाउनेमात्र होइन विधिको शासनमा नै खलल् पुग्ने ।

सञ्चार माध्यमलाई बन्द नगर्ने र दर्ता खारेज नगर्ने भन्ने प्रत्याभूति संविधानले दिएकोमा ऐनले प्रसारण संस्थाले प्राप्त गरेको इजाजत रद्द गर्ने भन्ने व्यवस्थामा शाब्दिक प्रयोगमा भिन्नता भए पनि परिणाम एउटै हो । कुनै कुरालाई अभिव्यक्त गर्ने शब्दहरू अलगअलग हुन सक्दछन् । अभिव्यक्तिका शैली र माध्यम पृथकपृथक हुन सक्दछन् । यस अवस्थामा ती शब्दहरूको संयोजनले दिने परिणाम वा निकाल्ने निष्कर्ष नै कुनै पनि कुराको निर्धारक तत्त्व हो । कुनै प्रकाशन वा प्रसारण संस्थाको इजाजतपत्र रद्द गर्ने भन्नु र सो संस्थालाई बन्द गर्ने वा राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ मा प्रयुक्त "इजाजतपत्र रद्द गर्नेछ" भन्ने कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५ (२) सँग स्पष्टतः बाझिएको देखिँदा सो हदसम्म निवेदकले चुनौती दिएको राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ८ को उपदफा (१) र (२) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) बमोजिम आजका मितिबाट अमान्य र बदर हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-WO-१३७३, उत्प्रेषण, *गौरीशङ्कर चौधरी वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*

निवेदकको निवेदनमा उल्लेख गरेको सञ्चालक समिति सदस्य पदको सेवा अवधि मिति २०७०।७।२४ सम्म हुने र सो अवधि भुक्तान भई रिट निवेदनको औचित्य समाप्त भएकोले रिट निवेदन खारेज हुने ठहर्छ । मिति २०७०।३।२३ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WO-१३७४, उत्प्रेषण, *रामसमज राना वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*
- ०६८-WO-१०४८, उत्प्रेषण, *रामनारायणप्रसाद कल्वार वि. कृषि तथा सहकारी मन्त्रालयसमेत*
- ०६८-WO-१०७८, उत्प्रेषण, *श्यामलाल शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-१००६, निषेधाज्ञा,

*जोगिन्दर साह सुडी वि. सीया साहसमेत*

निवेदकले आफ्नो भनी दावी गरेको जग्गामा बनेको घर विपक्षीले आफ्नो भनी जिकीर लिई तेरो मेरोको प्रश्न उपस्थित भएको र यस्तो तेरो मेरोको हक बेहक प्रश्नको तथ्यभित्र प्रवेश गरी सबूद प्रमाणको मूल्याङ्कन गरी निरोपण गरिनुपर्ने विषयमा निषेधाज्ञाको रोहबाट सो विवादित प्रश्नको निरोपण गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-WO-०३६२, उत्प्रेषण परमादेश, *सुर्मिलादेवी यादव वि. किशोरी साह तेलीसमेत*

स्वतन्त्र न्यायपालिकाको विशेषताको रूपमा रहेको फैसला अन्तिमताको सिद्धान्तले पनि सक्षम अदालतबाट एकपटक भएको फैसला अन्तिम भएर बसेको अवस्थामा कार्यान्वयनयोग्य हुन्छ र फैसला कार्यान्वयन नै कानूनी प्रक्रियाको समाप्ति र कानूनले दिने फल हो (An execution is the end and the fruit of law) भन्ने मान्यतालाई अङ्गीकार गरेको पाइन्छ । त्यसैगरी सक्षम अदालतबाट भएको फैसला कार्यान्वयन नहुनु वा कार्यान्वयनमा बाधा विरोध हुनु विधिको शासन र सभ्य समाजले स्वीकार गर्नसक्ने न्यायका आधारभूत मूल्य र मान्यताको समेत प्रतिकूल हुनजाने ।

रौतहट जिल्ला अदालतले फैसला कार्यान्वयन गरेउपरको अ.बं. १७ नं. को निवेदनमा पुनरावेदन अदालत, हेटौंडाबाट जायजात, मोल कायम मुचुल्काको हकमा मिति २०६५।९।४ मा र डाक लिलाम बदरको हकमा २०६६।७।१२ मा भएका आदेशहरूमा कुनै कानूनको त्रुटि भएको नदेखिएको र लामो अवधिसम्म निवेदिकाले वादीको बिगो बुझाउन तत्परता नदेखाएको यस अवस्थामा प्रस्तुत रिट निवेदनउपर पनि विचार गरिराखु नपर्ने हुँदा खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CI-०५३८, निषेधाज्ञा, *विनोद श्रेष्ठ वि. उपेन्द्रभक्त प्रधानाङ्गसमेत*

निवेदकले जुन घर पसलबाट हटाउने आशङ्का व्यक्त गरेका छन् सो पसलबाट निवेदकलाई हटाई सकिएको देखिएको हुँदा आशङ्काको स्थिति विद्यमान नरहेकाले निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।२१ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-CR-०५१९, अदालतको अपहेलना, *विनोदकुमार श्रेष्ठ वि. सुजेन्द्र प्रधानाङ्गसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६२ सालको रिट नं. ३१२४, उत्प्रेषण परमादेश, *रूपा पुन वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

निवेदिकाले प्रा.वि. द्वितीय तहमा बढुवा हुनुपर्ने भनी माग गरेको सोही पदमा शिक्षक

सेवा आयोगबाट मिति २०६८।८।१६ मा प्रकाशित गरिएको सूचना नं. १/०६७/०६८ को बढुवा नतिजामा मिति २०६८।८।१५ मा जेष्ठता कायम हुने गरी यी निवेदकको बढुवा योग्यताक्रम २८२ मा नाम समावेश भई बढुवा भई पदस्थापनसमेत भएको कुरा महान्यायाधिवक्ताको कार्यालयबाट उपन्यायाधिवक्ता श्री मदन धामीले इजलाससमक्ष पेश गर्नु भएको मिति २०६८।८।१६ को च.नं. ९१३ को बढुवा नियुक्तिको लागि सिफारिश गरिएको पत्रको प्रतिलिपिबाट देखिँदा निवेदनको औचित्य नै नरहेबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

६

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-CI-१४७७, परमादेश, *मालपोत कार्यालय, चाबहिल, काठमाडौं वि. मीनु भट्टराईसमेत*

निवेदकले छूट दर्ता गरिपाऊँ भनी दावी गरेको कि.नं. १६० को जग्गा सम्बन्धमा फिल्डबुकमा किसानको व्यहोरा सच्याइएको विषय अनुसन्धानको क्रममा रही यसै विषयमा कीर्तेतर्फ पनि कारवाहीको प्रक्रिया चलेको भन्ने लिखित जवाफबाट देखिन्छ । यस अवस्थामा निवेदकले मालपोत कार्यालयमा छूट दर्ता गरिपाऊँ भनी दिएको निवेदनको सम्बन्धमा कुनै कारवाही नगरेको अवस्थालाई आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा गर्न विपक्षी मालपोत कार्यालयले इन्कार गरेको भन्न मिल्ने देखिँदैन । यसरी विपक्षी मालपोत कार्यालयले कानूनबमोजिमको कर्तव्य पालन गर्नबाट इन्कार गरेको नदेखिएको अवस्थामा पनि मालपोत कार्यालयमा कानूनबमोजिम दर्ता भएको निवेदन जेसुकै व्यहोराले कारवाही हुनुपर्ने वा नपर्ने के हो सम्बद्ध व्यक्तिलाई निकासा दिनुपर्ने भएकोले निवेदकको निवेदनउपर कारवाही हुने नहुने के हो, सोको व्यहोरा निवेदकलाई जानकारी गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको आदेश मिलेको नदेखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।३ को आदेश त्रुटिपूर्ण देखिँदा सो आदेश उल्टी भई निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

७

**स.का.मु.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-WO-१०३, ०७०-FN-००४६, उत्प्रेषण, *हरिलाल आचार्य वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

निवेदक सरुवा भएको पद र कार्यालयमा मिति २०७०।६।२२ मा हाजीर भई कामकाजसमेत गर्नु भएको भनी बहसको क्रममा पेश भएको जिल्ला जनस्वास्थ्य कार्यालय, तौलिहवाको च.नं. ४३ मिति २०७०।६।२२ को पत्रबाट देखिएकोले सरूवा भएको पद र कार्यालयमा निवेदक हाजीर भई कार्यसमेत गर्न शुरू गरिसकेको अवस्थामा स्वास्थ्य सेवा विभागको उक्त निर्णयलाई निवेदकले स्वीकार गरिसकेकोसमेत देखिँदा उक्त निर्णय बदर गरिपाऊँ भन्ने माग अर्थहीन र प्रयोजनहीन हुन गएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७० साल मङसिर ९ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६८-MS-००१६, अपहेलना, *यज्ञदेव भट्ट वि. डा. सुधा शर्मा*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई २०६५-WO-०५१० को रिटको रोहमा मिति २०६६।३।२३ मा जारी भएको परमादेश तथा निज सचिवको नाउँमा ०६६-MS-००२० को अपहेलना मुद्दाको रोहमा जारी भएको मिति २०६७।१२।१७ मा भएको आदेशसमेत बमोजिम नतीजा प्रकाशन गर्ने कार्य विपक्षी सचिवले नगरेको देखिन आउँछ । विपक्षी सचिव जस्तो उच्च प्रशासनिक प्रमुखको पदमा कार्यरत् जिम्मेवार पदाधिकारीले यस अदालतबाट जारी आदेशको प्रभाव, गम्भीरता र संवेदनशीलतालाई महसूस गर्न नसक्नु र जानीजानी अदालतको आदेशलाई अटेर, अवज्ञा र अपमान गर्नु गम्भीर आपराधिक कार्यको कोटीमा पर्ने कुरामा विवाद हुन सक्तैन र यस्तो कार्य अदालतको अपहेलनाजनक हुने ।

प्रत्यर्थी सचिव डा. सुधा शर्माले यस अदालतले पटकपटक दिएको आदेशको पालना नगरी अदालतको अपहेलनाजन्य कार्य गरेको देखिँदा सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव डा. शर्मालाई रू. ५०००।— (अक्षरेपी पाँच हजार) जरीवाना हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०७० साल पुस ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-CI-०२८४, परमादेश, *ज्ञानप्रसाद पाण्डे वि. मालपोत कार्यलिय, भद्रपुर झापासमेत*

निवेदकले उल्लेख गरेको कि.नं. ३६५ को जग्गामा आफ्नो हक पुग्ने निश्चित र यथार्थ प्रमाण पेश गर्न नसकेको र आफ्नो निर्विवाद हकसमेत कायम भई नसकेको अवस्थामा र मनासिब समय नपुग्दै दावी लिएको कारणसमेतबाट निवेदन दावी पुग्न नसक्ने भनी रिट खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६८।१।२८ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटरः मन्जिता ढुङ्गाना
इति संवत् २०७० साल पुस ८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६८-CI-०२८३, निषेधाज्ञा, *ज्ञानप्रसाद पाण्डे वि. सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति झापासमेत* भएको मुद्दामा पनि यसै अनुसार आदेश भएको छ ।

## इजलास नं. २

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६७-CI-०३७४, जग्गा खिचोला, *मजिबुर रहमानसमेत वि. मदीना मुसलमान*

विवादित जग्गालाई बाहेक गर्दा वादीको जग्गाको क्षेत्रफल नपुग्ने तर विवादित न.नं. ७ को जग्गालाई वादीको जग्गामा मिलाउँदा वादीको पूर्जाबमोजिमको क्षेत्रफल पुग्ने देखियो भने अर्कोतर्फ प्रतिवादीको जग्गामा विवादित

जग्गालाई बाहेक गर्दासमेत पूर्जाबमोजिमको क्षेत्रफल पुग्ने नै देखिन आयो । सो हुँदा प्रतिवादीले आफ्नो जग्गाभन्दा बढी नै भोगचलन गरी वादीको जग्गा खिचोला गरेको देखिने ।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CR-११३७, ०६९-RC-००४६, कर्तव्य ज्यान, *सविता रिजाल वि. नेपाल सरकार, नेपाल सरकार वि. सविता रिजाल*

पोष्टमार्टम रिपोर्ट हेर्दा लासको निधारमा Small compressed type fracture भन्ने उल्लेख भै श्वासनली (Trachea) मा पानी वा माटो नपाइएको, फोक्सोमा पानी नपाइएको भन्ने उल्लेख भएको देखिन्छ । मृतकको मृत्युको कारण सम्बन्धमा राय माग गरिएकोमा निजको टाउकोमा देब्रेपट्टि निधारमा मृत्युपछि पानीमा डुबाएको सानो थिचिएको फ्र्याक्चर रहेको लक्षणहरू देखिएको (features suggestive of post mortem drowning was found) भन्ने रायमा उल्लेख भएको र सोही निधारको चोटको कारणले मृतकको मृत्यु हुनसक्ने भनी डा. विकास नेपालले राय पेश गरेको र सो रायलाई समर्थन गर्ने गरी निजले नुवाकोट जिल्ला अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । तसर्थ मृतकको मृत्यु पानीमा डुबेर नभई मरणोपरान्त पानीमा डुबाएको देखिँदा प्रतिवादीहरूको कर्तव्यबाट भएको भन्ने पुष्टि हुने।

मृत्युपूर्व घरको विवाद र तत्पश्चात् मृतकको लास फेला पर्नुलाई सो घटना र मृत्युबीचको कार्यकारणको सम्बन्ध नरहेको भन्न मिल्ने अवस्था रहेन । देवर विष्णुप्रसाद रिजाल र जेठानी सविता रिजाललाई यौन सम्बन्धको आरोप मृतक पवित्रा रिजालले लगाएको कुरालाई प्रतिवादीहरूले अदालतमा समेत स्वीकार गरेको जस्ता परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीहरूले पवित्रा रिजालको हत्या गरेको पुष्टि हुन आएकोले प्रतिवादी सविता रिजालसमेतलाई अभियोग मागदावीबाट सफाइ पाउने ठहर्‍याई मिति २०६६।५।२४ मा भएको शुरू नुवाकोट जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरू सविता रिजालसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहर्‍याई भएको मिति २०६८।१।२९ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीमध्येका नवराज रिजालको आफ्नै श्रीमतीको मृत्यु भएको, निज र मृतक पवित्रा रिजालको दाम्पत्य सम्बन्धबाट जन्मेका दुई नाबालक सन्तानहरूको पालनपोषण गर्नुपर्ने जिम्मेवारीसमेतलाई दृष्टिगत गर्दा निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले निजका हकमा १० वर्ष कैद सजाय गर्ने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्ने गरी जाहेर भएको पुनरावेदन अदालत, पाटनको राय मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीक्षा प्रधानाङ्ग, निर्मला खड्का

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-०४०८, उत्प्रेषण, *तुलसीनारायण महर्जनसमेत वि. सुरेन्द्रप्रसाद थपलियासमेत*

पुनरावेदन अदालतको फैसलाको

ठहर खण्डअनुसार नै विपक्षी काठमाडौं महानगरपालिकाले फैसला कार्यान्वयनको कार्य अघि बढाएको अवस्था देखिएकोले उक्त कार्य कानूनविपरीत रहेको नदेखिएको, इजलासबाट निवेदक पक्षलाई छलफलको निमित्त पटकपटक बोलाउँदासमेत उपस्थित नभएको र विपक्षी सुरेन्द्रप्रसाद थपलियाले फैसलाअनुसार पिल्लर भत्काउने कार्य सम्पन्न भइसकेको छ भनी इजलासमा जिकीर लिएकोसमेतको अवस्था हुँदा पुनरावेदन अदालत, पाटनको फैसलाबमोजिमको फैसला कार्यान्वयन कार्य बाँकी रहेकोसमेतको अवस्था मिसिलबाट देखिन आउँदैन । यसरी कानूनबमोजिमको आदेश जारी हुने अवस्थासमेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६९-WO-०६६५, उत्प्रेषण परमादेश, *तुलसीनारायण महर्जनसमेत वि. काठमाडौं महानगरपालिका, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WO-१०१७, उत्प्रेषण परमादेश, *शेरबहादुर महर्जनसमेत वि. नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, काठमाडौंसमेत*

जुन निकायले रोक्का राखेको हो भनी मालपोत कार्यालयमा रोक्का रेकर्ड देखिएको छ सो निकायले के कुन कारण परी निवेदन दावीको जग्गा रोक्का राख्नु परेको हो सोको स्पष्ट जवाफ सम्बन्धित निकायको अभिलेखको आधारमा दिनसक्नु पर्ने हुन्छ । त्यसरी जवाफ दिन रोक्का राख्ने निकायले नसकेको अवस्थामा कानूनअनुरूप नै रोक्का रहेको होला भनी अनुमान गर्नु पनि उचित हुँदैन । यसको अतिरिक्त मालपोत कार्यालयले जुन निकायले रोक्का राखेको हो भनी खुलाएको छ सो निकायले विवरणसहितको रोक्का राख्नुपर्नाको कारण आफ्नो अभिलेखबाट नदेखिएको भनी खुलाई रहेको अवस्थामा समेत बिना कारण लामो समयसम्म व्यक्तिको सम्पत्ति रोक्का राख्न नहुने ।

नेपाल बैक लि. ले निवेदन दावीको जग्गा रोक्का राख्नुपर्नाको कुनै स्पष्ट आधार कारण खुलाउन नसकेको देखिनाले नेपाल बैङक लि. को तर्फबाट मालपोत कार्यालय, ललितपुरले निवेदन दावीको जग्गा रोक्का राखेको कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरी नेपाल बैंक लिमिटेडको तर्फबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल मङसिर १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०३५१, ०९७०, ११३० वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. सन्तोष महर्जन, पुरुषोत्तम हमाल वि. नेपाल सरकार, सन्तोष महर्जन वि. नेपाल सरकार*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय गर्न नपाइने स्पष्ट व्यवस्था भएको पाइन्छ । यसरी इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय गरेमा सजायको

व्यवस्थासमेत ऐ. ऐनको दफा ४३ मा भएको पाइन्छ । यी प्रतिवादीहरूले शैक्षिक परामर्श दिने उद्देश्यले स्थापना गरेको कम्पनीको नाउँबाट गर्न स्वीकृत नपाएको कार्य वैदेशिक रोजगारमा पठाउने रकम उठाई रोजगारमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीतको कार्य गरेको देखिएको र जाहेरवालाहरूलाई विदेश पठाइसकेको अवस्था नदेखिँदा ऐ. को दफा ४३ बमोजिम प्रतिवादीहरू सन्तोष महर्जन र पुरुषोत्तम हमाललाई जनही रू. १,५०,०००।– (एक लाख पचास हजार) जरीवाना र जनही १ वर्ष ५ महिना कैद हुने ठहर्‍याएको फैसला मिलेकै देखिने ।

७ जनाबाट जनही रू. ४ (चार लाख) का दरले जम्मा रू. २८,००,०००।– रकम उठाएकोमा वीरेन्द्र कटुवालले जाहेरी दिएको देखिएन । साथै निजको मौकामा कुनै किसिमको कागज भएको पनि देखिँदैन । जाहेरी नै नदिने वीरेन्द्र कटुवालको हकमा निजले बाँकी रकमतर्फ के कुन कारणले दावी छाडेको हो भन्ने तथ्य नै मिसिलबाट नदेखिएकोले अनुमानितरूपमा निजले पाउनुपर्ने बाँकी नै होला भनी बिगो किटान गर्नु न्यायसङ्गत नहुने हुँदा सातैजनाको रकम र सोको हर्जना भराउनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा रकम मूल बिगो रू. २८ लाखबाट वीरेन्द्र कटुवालको रू. ४ लाख कट्टा गरी हुन आउने रू. २४ (चौबीस लाख) र सोको ५०% हर्जानाले हुन आउने १२(बाह्र लाख) समेत जम्मा रू. ३६ (छत्तीस) लाख बुझाउनु पर्ने दायित्व प्रतिवादीहरू सन्तोष महर्जन र पुरूषोत्तम हमालमा रहेकोमा बुझाएको रकम रू.१४ लाख कट्टा गरी बाँकी हुन आउने रू.२२ लाख प्रतिवादीद्वय सन्तोष महर्जन र पुरुषोत्तम हमालबाट जाहेरवालाहरूले दामासाहीले भरीपाउने ठहर्‍याई गरेको फैसलासमेत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-१०२०, मानव बेचबिखन तथा ओसारपसार, *शम्भु भन्ने समनराज उर्फ सुमन नेपाली वि. नेपाल सरकार*

जाहेरवालाले, बयान लिँदा तथा बकपत्र गर्दा प्रतिवादी सुमन नेपालीले बेचबिखन गर्ने उद्देश्यले बुटवल पुर्‍याएको भनी किटानीरूपमा लेखाएको र प्रहरीमा बुझिएका पार्वती पुलामी र कृष्णमाया पुलामीले जाहेरवालालाई प्रतिवादीले बेचबिखन गर्ने आशयले बुटवल पुर्‍याएको भनी बकपत्र गरी दिएको तथा मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी सुमन नेपालीको कामकारवाही जबर्जस्तीपूर्ण देखिएकोले प्रतिवादी सुमन नेपालीले जाहेरवालालाई बेचबिखन गर्ने उद्देश्यले कलङ्कीबाट जबर्जस्ती बुटवल पुर्‍याएको भन्ने अभियोग दावी समर्थित भै अभियोगदावीलाई पुष्टि गरेको देखिन आउँछ । त्यसकारण निज प्रतिवादी सुमन नेपालीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) देहाय (ख) को कसूरमा दफा १५(१) को ङ को २ अनुसार १० (दश) वर्ष कैद र साठी हजार जरीवाना हुने र ऐनको दफा १७ बमोजिम निज प्रतिवादी सुमन नेपालीबाट पीडितले रू. ३२,०००।– (बत्तीस हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याएको शुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।१ को

फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल साउन १६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-१०८०, नकबजनी चोरी, *नेपाल सरकार वि. शम्भे नेपाली*

अधिकारक्षेत्रको प्रश्न मुद्दाको पक्षको सहमति वा कुनै पक्षले घटाउन बढाउन वा परिमार्जन गर्नसक्ने विषय होइन । इलाकाको अड्डाबाट हेर्नपर्ने भनी मुद्दा नै किटान गरी तोकेका मुद्दाहरूमा कानूनको मनसायविपरीत काठमाडौंको इलाकामा घटेको वारदातलाई जाहेरी दिँदा सो तथ्य नै लुकाई स्याङ्जा जिल्लाको इलाकामा घटेको भनाई जानीजानी अन्यत्र अड्डामा मुद्दा दर्ता गर्न पीडित पक्षको भूमिकासमेत मुद्दा उठानको क्रममा स्वभाविक नदेखिएकोले अड्डाको गल्तीले अर्को इलाकामा मुद्दा दर्ता भएको भन्ने पनि रहेन । अदालती बन्दोवस्तको २९ नं. को देहाय ७ फिरादपत्रबाट दायर हुने प्रकृतिका केही मुद्दामा आकर्षित हुने देखिएता पनि अदालती बन्दोवस्त २९ नं. को देहाय २ नं. को किटानीरूपमा उल्लेख गरेका फौजदारी मुद्दा खास गरी अभियोगपत्रबाट दायर हुने मुद्दाको सन्दर्भमा भने आकर्षित हुने भन्न मिलेन । त्यसकारण क्षेत्राधिकारविहीन अदालतमा दायर गरेको अभियोग दावी खारेज गर्ने ठहर्‍याएको शुरू स्याङजा जिल्ला अदालतको मिति २०६६।२।१९ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६६।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-१०९४, उत्प्रेषण, *दीपककुमार गुप्ता वि. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

सेवा विधिशास्त्रमा अनुशासन नै कर्मचारीको आभूषण हो । अनुशासनबिना प्रशासन संयन्त्रको सञ्चालन नै दुरूह हुन पुग्छ । कर्मचारी सरूवा एउटा नियमित प्रक्रिया हो । कुन कर्मचारीको सेवा कहाँ उपयुक्त छ र कुन कर्मचारीलाई कहाँ कति अवधि राख्ने भन्ने कुराका हकमा कानूनले निर्धारित गरेको सीमाभित्र रही सरूवा गर्नु अख्तियारवालाको दायित्व हो । बिदा अधिकार होइन । बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुन हुँदैन र अप्रत्याशित अवस्था आइपरेमा आफ्ना कठिनाइका बारेमा कार्यालयलाई छिटोभन्दा छिटो सूचना दिनुपर्दछ भन्ने आधारभूत जानकारी कर्मचारीले राख्नुपर्ने ।

बिदा कर्मचारीले अधिकारको रूपमा माग गर्न पाउने हुँदैन । कार्यालयको कार्य सम्पादनमा पर्न सक्ने असर र बिदा माग गर्ने कर्मचारीको परिस्थितिसमेतलाई विचार गरेर बिदा स्वीकृत गर्नेले बिदा दिने नदिने भन्ने निर्णय गर्नसक्ने स्वविवेकीय अधिकारको कुरा हो । बिदा कसैको दबाब तथा आग्रहले नभई स्वीकृती गर्नेको स्वविवेकीय मनसायमा भरपर्ने कुरा हो । निजामती सेवा नियमावली, २०५० को नियम ७१ ले बिदा अधिकारको कुरा होइन, सहुलियतमात्र हो भन्ने व्यवस्थाबमोजिम बिदा माग गर्ने कर्मचारीले बिदाको लागि निवेदन दिएर मात्र पुग्ने अवस्था देखिँदैन । त्यसको

लागि स्वीकृत गर्ने अधिकारी वा निकायबाट स्वीकृत नगरेसम्म बिदामा बस्न तथा अनुपस्थित भएको अवधिले बिदाको मान्यता पाउन नसक्ने ।

निवेदक दीपककुमार गुप्तालाई सेवाबाट हटाउनको लागि निजामती सेवा ऐन, २०४९ को दफा ६८ बमोजिम लोक सेवा आयोगबाट परामर्श गर्दा लोक सेवा आयोगले निवेदकलाई सेवाबाट हटाउने सजाय गर्न परामर्श पठाई दिने भनी मिति २०६४।२।१० मा भएको निर्णयसमेतको आधारमा सडक विभागबाट मिति २०६४।२।२७ देखि लागू हुने गरी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाएको निर्णयलाई सदर गरेको प्रशासकीय अदालतको मिति २०६८।१।१९ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा निवेदकको माग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मङसिर २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-WH-०००७, बन्दीप्रत्यक्षीकरण, *शालीग्राम पराजुली वि. जिल्ला कारागार कार्यालय, कास्की पोखरासमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा तत्काल बन्दीलाई थुनामा राखिएको आदेश रीतपूर्वक गरिएको छ वा छैन तथा थुनामा राख्दाको अवस्थामा थुनामा राख्ने आदेश गर्ने अधिकारीलाई कानूनले अख्तियार दिएको छ, छैन अख्तियार दिएको भए पनि रीत नपुर्याई थुनामा राख्ने आदेश भएको हो वा हैन भन्ने जस्ता कुरा हेरिन्छन् । तर यस मुद्दामा साधिकार निकायबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा यी निवेदक सागर पराजुलीलाई थुनामा राख्न गरिएको आदेश कानूनी प्रक्रिया पुर्याई रीतपूर्वक नै भएको देखिँदा उक्त आदेश कार्यान्वयन गर्ने क्रममा निज थुनामा परेको कार्यलाई गैरकानूनी थुना मान्न नमिल्ने हुँदा उल्लिखित तथ्य र विवेचनाका आधारमा निज सागर पराजुलीलाई फैसला कार्यान्वयनको सिलसिलामा राखिएको थुना कानूनबमोजिम नै भएको देखिँदा बन्दीप्रत्यक्षीकरणको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

इति संवत् २०७० साल मङसिर ७ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं. २०६६-CI-०४८६, निर्णय दर्ता बदर हक कायम, *आरतीदेवी यादवसमेत वि. जङ्गीलाल राय यादव*

न.नं. ६,६(क) र ६(ख) को जग्गा साविकमा यिनै पुनरावेदक प्रतिवादीका पति उपेन्द्रराय यादवले मिति २०३४।३।९ मा खरीद गर्दा लिखतमा बाटो जनिन गई साविकदेखि बाटोको रूपमा सर्वसाधारणले भोगचलन गरेको जग्गालाई वादी दावीअनुसार बाटो होइन भन्न नमिल्ने हुँदा प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीउपर निर्णय दर्ता बदर हक कायम गरिपाऊँ भनी गरेको फिराद दावीलाई शुरूले बाटो कायम गरी फिराद दावी खारेज गरेकोमा उक्त शुरूको फैसलालाई पुनरावेदन अदालत, जनकपुरबाट निर्णय हुँदा वादीको दावीअनुसार नक्सा नम्बर ६, ६(क) र ६(ख) को जग्गालाई दावीबमोजिम वादीको ठहर गरी जग्गा हक कायम गर्ने गरी गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।२।२७ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई उक्त विवादित जग्गा सार्वजनिक बाटो कायम हुने

र बाटोदेखि दक्षिणतर्फको कि.नं.४६ को जग्गा प्रतिवादी आरतीदेवीको कायम हुने ठहर गरेको शुरू सर्लाही जिल्ला अदालतको मिति २०६२।११।१७ को फैसला सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असार १८ गते रोज ३ शुभम् ।

- यसै लगाउको दे.पु.न. २०६६-CI-०४८७, जग्गा दपोट सार्वजनिक बाटो खुलाई पाऊँ, *आरतीदेवी यादव वि. जङ्गीलाल राय यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-WO-०५२४, उत्प्रेषण, *विनोदकुमार उपाध्याय वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदकले लोकसेवा आयोगबाट नेपाल प्रशासन सेवामा रिक्त रहेको रा.प. प्रथम श्रेणी सहसचिव १४ पदमा बढुवाको सिफारिश गर्दा आफूलाई समावेश नगरी गरिएको विपक्षीहरूको कार्य संविधान एवं कानूनप्रतिकूल हुँदा २०७०।१०।६ को बढुवा सिफारिश निर्णय र २०७०।१०।७ मा गोरखापत्रमा प्रकाशित सार्वजनिक सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरिपाऊँ भनी दावी लिई प्रस्तुत निवेदन गरेको देखिए पनि निवेदकले मिति २०७०।११।१२ देखि लागू हुने गरी अवकाश पाइसकेको भनी विपक्षीतर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले बहसको क्रममा इजलासलाई जानकारी गराई निवेदकको नाउँको निजामती किताबखानाको निवृत्तिभरणको अधिकारपत्रको प्रतिलिपिसमेत पेश गरेको र उक्त अधिकारपत्रमा निवेदकको मिति २०७०।११।१२ मा अनिवार्य अवकाशप्राप्त गरिसकेको भन्ने देखिँदा निवेदनको तथ्यभित्र प्रवेश गरी थप विवेचना गर्नुपर्ने औचित्य नहुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २५ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-०५९४, परमादेश, *हेमबहादुर कार्कीसमेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

फिल्डबुक उतारबाट सुडाल गा.वि.स. वडा नं. ४(क) कि.नं. २५१ मोही महलमा पर्ति जग्गाधनी खाली, बिरह खाली, किसिम खाली रोपनीमा २४-८-०, कैफियत खाली भन्नेछ र उक्त पञ्चायतका प्रधानपञ्चको सिफारिशबाट बेलबहादुर कार्कीको नाउँमा श्री ५ को सरकारको निर्णयअनुसार जग्गा पाएको भन्ने चलन पूर्जी साविक मालको रसिदबाट सि.नं. ४४९ कायम भै बेलबहादुर कार्कीको दर्ता भन्ने र सर्भे शाखाको मिति २०२५।८।५ को सर्जमीनसमेतबाट साविक सि.नं. ४४९ को कित्तामा भिडाई हाल सुडाल गा.वि.स. वडा नं. ४ कि.नं. २५१ को कित्ता बेलबहादुर कार्कीको नाउँमा कायम गरी स्रेस्ता खडा गरी पूर्जी दिने भन्ने मिति २०२६।५।२६ को भूमि प्रशासन कार्यालय, भक्तपुरको प्रमाणको रूपमा आएको मिसिलबाट देखिनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ताको कुनै स्रेस्ता फेला नपारेको र जग्गा दर्ता हुँदाको मिसिल फाइलसमेत नभएको भन्ने कुरालाई आधार लिई गरेको निर्णय यथोचित मात्र नमिल्ने ।

यकीन स्रेस्ता राख्ने काम सरकारी निकाय मालपोत कार्यालयको हो । त्यो नराखिदिएको कारणबाट जनताले पीडित हुनुपर्ने होइन ।

मालपोत कार्यालयले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई व्यक्तिको नाममा स्रेस्ता छैन भनेको कुरालाई मात्रै आधार लिई विवादित जग्गा भोग गरिरहेका व्यक्तिहरूलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी एकतर्फीरूपमा व्यक्तिको नाममा दर्ता रहेको जग्गालाई सरकारको नाममा कायम गर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।११।१३ को निर्णय त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-१०४९, उत्प्रेषण, *चिजलाल तौजलेसमेत वि. वेनगोपाल तौजलेसमेत*

निवेदकहरू चिजलाल तौजले, माधवप्रसाद तौजले र विपक्षी बेनगोपाल तौजलेको बुबा शिवप्रसाद तौजले गरी जम्मा तीन भाइबीच मिति २०५५।८।२० मा अंश बण्डापत्र भई अंश बुझिसकेका, विपक्षी केशरीमाया तौजलेले मिति २०४८।५।२० मा र.नं. ३१८४ को अंश भर्पाईबाट आफ्नो अंश लिइसकेकी र निज केशरीमायालाई उनका कान्छा भाइ शिवप्रसादका छोरा विपक्षी बेनगोपालले लालनपालन गर्दै आएका हुँदा केशरीमायाले आफ्नो अंश भागको सम्पत्ति बेनगोपाललाई हा.ब. गरी दिएकोमा यी निवेदकहरूले आपत्ति जनाउनुपर्ने कुनै त्यस्तो कारण देखिन नआउने ।

केशरीमाया तौजलेले विपक्षी वेनगोपाललाई हा.ब. गरिदिएका उक्त दावीका जग्गाहरू निज केशरीमायाले आफ्नो अंशबापत प्राप्त गरेको सम्पत्ति भएको कुरामा विवाद रहेन । यस सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ मा सम्पत्तिको अधिकारअन्तर्गत प्रत्येक व्यक्तिलाई सम्पत्ति प्राप्त गर्ने, भोगचलन गर्ने, बेचबिखन तथा हकहस्तान्तरण गर्ने संवैधानिक अधिकार प्रत्याभूत गर्नुका अतिरिक्त मुलुकी ऐन, स्त्री अंशधनको २ नं. मा भएको कानूनी व्यवस्थाअनुसार भिन्न भएकी कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् भन्ने कानूनी व्यवस्थाका साथै दान बकसको १ नं. ले आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुन्छ भन्ने कानूनी व्यवस्था रहे भएको हुँदा उक्त सम्पत्ति केशरीमायाले आफूखुशी गर्न पाउने संविधान र कानूनप्रदत्त हक भएको देखिएकोमा उक्त विवादित जग्गाहरूमा यी निवेदकहरूको समेत हक नलाग्ने ।

निवेदक वादी र विपक्षी प्रतिवादीबीच चलेको जालसाजी र लिखत दर्ता बदर मुद्दामा वादी दावी नपुग्ने ठहर्‍याई मिति २०६८।२।२३ मा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट फैसला भैसकेको र सोउपर मिति २०६८।७।२५ मा पुनरावेदन परेको भनी लिखित जवाफबाट देखिनुका अतिरिक्त पुनरावेदन अदालत, पाटनले समेत मिति २०६९।४।१४ मा शुरू सदर हुने गरी फैसला गरिसकेको भन्ने कुरा पेशीका दिन विपक्षीका कानून व्यवसायीले उपलब्ध गराएको पुनरावेदन अदालत, पाटनको फैसलाको प्रतिलिपिसमेतबाट पुष्टि भएको हुँदा उक्त जग्गा रोक्का राख्नुको कुनै औचित्य देखिन नआउने ।

निवेदक र विपक्षीहरूबीचको जालसाजी र लिखत दर्ता बदर मुद्दामा पुनरावेदन

अदालतबाट समेत किनारा भई अन्तिम अवस्थामा पुगेको प्रस्तुत मुद्दामा उक्त जग्गा रोक्का राख्ने र नराख्ने सम्बन्धमा तहतहबाट कानूनबमोजिम पक्ष विपक्षको सबूद प्रमाणहरूको मूल्याङ्कन गरी भएको आदेशबाट निवेदकको कानूनप्रदत्त हक अधिकारमा आघात पुगेको भन्न नमिल्ने देखिएकोले निवेदन मागबमोजिम विपक्षीहरूका नाममा उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने देखिन नआउने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटरः भास्कर पगेनी

इति संवत् २०७० साल असार १९ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०७५३, उत्प्रेषण परमादेश, *खीमबहादुर कार्की वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण, बबरमहल काठमाडौंसमेत*

स्वयम् जमानी बस्ने भनिएका विजयनारायण श्रेष्ठ नाउँको रोक्का रहेको सम्पत्तिलाई ऋण असूली पुनरावेदन न्यायाधिकरणले कानूनबमोजिमकै मान्यता दिएर रोक्का कायम राखेको देखिन्छ । तर जमानी पनि नबसेका र ऋण पनि नलिएका काशीनारायण श्रेष्ठको दर्ताको जग्गाको हकमा ऋण असूली ऐन, २०५८ को दफा १६ अनुसार फुकुवा गर्ने गरेको ऋण असूली पुनरावेदन न्यायाधिकरणको आदेश कानूनबमोजिम नै रहे भएको पाइने हुँदा उल्लिखित कानून एवं विवेचित आधार कारणबाट रिट निवेदकको माग दावीबमोजिम विपक्षी काशीनारायण श्रेष्ठको नाउँमा रहेको जग्गा बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा २(६) को परिभाषाभित्र पर्ने नदेखिँदा निजको नाउँको जग्गा फुकुवा गर्ने गरेको ऋण असूली न्यायाधिकरणको निर्णयलाई अन्यथा रहेछ भनी मान्न मिलेन । सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाऊँ भन्ने निवेदन दावी युक्तियुक्त नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल असोज ४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७०-RC-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नौमान मोक्तानसमेत*

मृतकको मृत्यु कर्तव्यबाट भएको देखिएको, मौकामा यी प्रतिवादीहरूउपर मृतकको दाजुले दिएको किटानी जाहेरी, बेनीकुमार मोक्तान तथा ताराध्वज बम्जनले गरिदिएको मौकाको कागज, घटनास्थल मुचुल्का, अधिकारप्राप्त अधिकारीसमक्ष भएको प्रतिवादीहरूको साबिति बयान व्यहोरा, वादी पक्षको साक्षी मानबहादुर लाप्चान तथा ताराध्वज बलले अदालतमा गरिदिएको बकपत्रसमेतका आधार प्रमाणबाट यी प्रतिवादीहरूले अभियोग दावीअनुसारको कसूर गरेको पुष्टि भएको देखिँदा सोसमेतका आधार प्रमाणबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर अपराधमा सोही नं. अनुसार जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरूको मृतक फुलमानसँग कुनै पूर्व रिसइबी लाग केही नभएको, निजलाई मार्नुपर्नेसम्मको कुनै कारण पनि नदेखिएको, मृतकलाई मार्न कुनै पूर्वतयारीसमेत भएको नदेखिएको, जोखिमी हतियार प्रयोग नभै ढुङ्गा तथा मुक्कामात्र प्रयोग भएको र मृतक स्वयम्कै जरीयाबाट यी प्रतिवादीहरू मृतकलाई मार्नुपर्नेसम्मको अवस्था र स्थितिमा पुगेको अपराधको पृष्ठभूमि र परिस्थितिसमेतको विचार

गरी प्रतिवादीहरू नौमान मोक्तान, माइलासिंह बम्जन, रीविबहादुर बम्जन, डिलबहादुर जिम्बा र शोभासिंह बम्जनलाई जन्मकैदको सजाय गरी सो सजाय गर्दा चर्को पर्ने देखी मुलुकी ऐन, अ.,बं. १८८ नं. बमोजिम जनही १० (दस) वर्ष कैद गर्ने गरी प्रस्तुत गरेको पुनरावेदन अदालत, जनकपुरको रायसमेत मनासिब नै देखिँदा सो रायसमेत सदर कायम हुने ।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ३० गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-CI-०४६५, नक्सा सुधार क्षेत्रफल संशोधन, हक कायम जग्गा दर्ता, *मु.स.गर्ने कमोदिया देवी वि. मायाराम यादव*

वादी प्रतिवादी दुबै पक्षको एकै जग्गा दाताको नाउँमा नापी भएको कि.नं. ६७७ क्षेत्रफल ०–११–३ $^1/_3$ कायम भएको दर्ता स्रेस्ताबमोजिम नै वादीले मिति २०३२।५।२० मा हालैको बकसपत्रमार्फत कि.नं. ६८० बाट ज.वि. ०–९–४ र उनै जग्गाधनीबाट प्रतिवादीका पति विसुन भगतले मिति २०३३।८।२१ मा कि.नं. ६८१ ज. वि. ०–१–१८ $^1/_2$ हा.ब. लिएकोमा विवाद भएन । उल्लिखित दुई कित्ता जग्गा हा.ब. गरेर पनि कि.नं. ६८२ मा ज.वि. ०–०–१ साविक जग्गाधनीका नाममा बाँकी रहेको देखिन्छ । कि.नं. ६८१ को पूर्वतर्फबाट प्रतिवादीले ज.वि. ०–०–८ जग्गा बिक्री गरी कित्ताकाट हुँदा कायम पछिल्लो कित्ता नं. ७०३ मा ०–१–१० $^1/_2$ जग्गा बाँकी रहनुपर्नेमा नापी शाखाबाट ट्रायल चेक हुँदा ०–२–१०$^1/_2$ जग्गा देखिन आयो भने अदालतबाट भएको मिति २०६१।१।५ को नक्साको नं. २ मा वादीको जग्गा स्रेस्तामा लेखिएभन्दा कम देखिएको पाइन्छ । त्यस्तै गरी वादी साविक कि.नं. ६७७ बाट हा.ब. लिईसकेपछि निजले लिएको ज.वि. ०–९–४ नै कित्ताकाट गरी नक्सा तयार गर्नुपर्नेमा पारीत लिखतअनुसार कित्ताकाट गर्ने बेलामा नै कि.नं. ७०३ मा ०–१–१०$^1/_3$ कायम हुनुपर्नेमा ०–२–१० $^1/_2$ कायम रहन गएको भनी प्रतिवादीले समेत स्वीकार गरेको अवस्थाबाट प्रतिवादीको क्षेत्रफल बढी हुन गएको देखिने ।

वादी प्रतिवादीहरूका मूल स्रोतबाट हक हुन आएको जग्गामा कित्ताकाट गर्दा नापी कार्यालयको गल्तीले कित्तामा घटी जग्गा कायम भएको नक्सा संशोधन गरी हा.ब. लिखतअनुसारको क्षेत्रफलबमोजिम वादीको जग्गा कायम गरिदिएको शुरूको फैसलामा क्षेत्राधिकारको त्रुटि पनि देखिन नआएकोले फिराद माग दावीबमोजिम प्रतिवादीका नाममा कायम कि.नं. ७०३ मा ट्रायल चेकबाट कायम रहन आएको ०–२–१०$^1/_2$ जग्गामध्ये पूर्वतर्फबाट र ०–०–१६$^1/_2$ जग्गा वादीको नाममा कित्ताकाट गराई नक्सा सुधार गरी वादीको नाममा जग्गाको क्षेत्रफलसमेत संशोधन गरी वादीको नाममा दर्ता हुने । प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-CI-०२३७, रकम दिलाईपाऊँ, *मुरलीधर शर्मा वि. भवनाथ गौतम*

विशेष कानूनअन्तर्गत दायर भएको

मुद्दामा मुलुकी ऐन, लेनदेन व्यवहारको महल आकर्षित हुनसक्ने देखिएन । वादीले दावी लिएभन्दा बाहिर गई अदालत आफैंले लाग्न नसक्ने कानूनको आधार लिई गरेको इन्साफ न्यायको रोहबाट कानूनतः मिलेको नदेखिने ।

विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क ले चेक अनादर गरेको अवस्थामा उपचारको व्यवस्था गरेको स्थितिमा वादीले दावी लिएको कानूनको आधारमा भराउन मिल्ने नमिल्ने सम्बन्धमा बोल्नुपर्नेमा दावीभन्दा फरक कानूनको आड लिई गरेको फैसला मिलेको नदेखिँदा शुरू जिल्ला अदालतको फैसला सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६१।८।७ को फैसला उल्टी हुने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल माघ ७ ते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-१०८६, अंश चलन, *जुजुभाइ श्रेष्ठसमेत वि. मकरनारायण श्रेष्ठ*

प्रस्तुत मुद्दामा मिति २०३७।१०।६ को घरसारको बण्डापत्रलाई देखाई अंशबण्डाको ३० नं. ले व्यवहार प्रमाणबाट छुट्टि भिन्न भइसकेको प्रतिवाद कथनलाई जिल्ला अदालतले स्वीकार तथा पुनरावेदन अदालतले अस्वीकार गरेको स्थिति छ । मिति २०३४।९।२७ मा मुलुकी ऐन, सातौं संशोधन भई लागू रहेको अंशबण्डाको ३० नं. ले केवल संशोधनपूर्वको स्थितिमा मात्र व्यवहार प्रमाणबाट अंशबण्डा भएको आधार खोजिने र यो मितिपछि बण्डापत्र पारीत हुनैपर्ने अति स्पष्ट प्रावधान राखेको छ र सो प्रावधानमा व्याख्याको गुञ्जायससम्म छैन । प्रस्तुत मुद्दामा वादी प्रतिवादीबीच पारीत बण्डापत्र छैन र नातामा विवाद पनि छैन । कानूनको यति स्पष्ट प्रावधानलाई उपेक्षा गर्दै जिल्ला अदालतबाट भएको फैसला बदरयोग्य भई पुनरावेदन अदालतले शुरूको फैसला उल्टी गरी प्रमाण बुझी मुद्दाको पुनः कारवाही र किनारा गर्न शुरू जिल्ला अदालतमा पठाउने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल मङ्सिर १० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-०४६६, अंशबण्डा गराईपाऊँ, *श्रवणसिंह श्रेष्ठसमेत वि. विक्रम सिंह श्रेष्ठ*

प्रतिवादीले कर्मचारी सञ्चय कोषबाट विभिन्न मितिमा ऋण लिएको र घर बनेको देखिएको भई यी दुईबीचमा तादात्म्यता पनि देखिएको छ । मूलतः प्रतिवादीले देखाएको कर्मचारी सञ्चयकोषसम्बन्धी प्रमाणलाई वादीले अन्यथा भन्न सकेको स्थिति छैन । यसरी ऋण लिई घर बनाएको भन्ने देखिएको र अंशबण्डाको १८ नं. ले निजी आर्जनबाट कमाएको सम्पत्ति बण्डा नलाग्ने त्यस्ता अंशियारले आफूखुशी गर्न पाउने भन्ने व्यवस्था हुँदा सोअनुसार कि.नं. १५२९ को जग्गामा बनेको घर बरण्डा प्रतिवादीको निजी आर्जनको ठहर गरी सो बाहेकको घर जग्गा बण्डा लाग्ने भनी शुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको इन्साफ मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल माघ ८ ते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०८९७, निषेधाज्ञा, *मिथिला बिहारी यादव वि. दुलार यादव*

दावीको कि.नं. १५६ र १६० जग्गा प्रत्यर्थी निवेदकको नाउँमा दर्ता रहेको देखिन्छ । उल्लिखित कि.नं. का जग्गा कानूनबमोजिम दर्ता बदर नभएसम्म अन्य व्यक्तिहरूले उक्त जग्गा खिचोला दखल गर्नसमेत कानूनतः मिल्दैन । निवेदक निर्वाधरूपमा उक्त कित्ता जग्गाहरू भोग चलनलगायतका कार्य गर्न स्वतन्त्र छन् । निवेदकका जग्गाभित्र रहेका डिहिवार थान, मीरादेवी, सलहेस गुफा, भैरव थानसमेतका मन्दिर, कुल मन्दिरमा परापूर्वकालदेखि पुनरावेदकलगायत सबै समाजका सदस्यहरूले पूजाआजा गर्दै आएको भए पुनरावेदकसमेतका अन्य व्यक्तिसमेतलाई निवेदकले पूजासमेतका कार्य गर्नबाट रोक्न मिल्ने नदेखिँदा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।२८ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ९६८-CI-०२०३, निषेधाज्ञा, परमादेश, *नेपालगंज भन्सार कार्यालय वि. महानन्द के.सी.*

निवेदक निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्ने भनी तोकिएको अवधिअगावै मिति २०६७।३।२० मा म्याद थपका लागि पुनरावेदक कार्यालयमा निवेदन दिएको देखिन्छ । पुनरावेदक कार्यालयले उक्त निवेदनउपर समयमै कारवाही प्रारम्भ नगरी मिति २०६७।४।२७ मा मात्र म्याद थप सम्बन्धमा प्रत्यर्थी निर्माण कम्पनीलाई ७ दिनभित्र थप आधार पेश गर्न पत्राचार गरेको पाइन्छ । म्यादभित्र प्रत्यर्थीले सम्पर्क नराखेको अवस्थामा सार्वजनिक खरीद ऐन, २०६४ र नियमावली एवं ठेक्का सम्झौताको महलको ७.३ मा उल्लिखित शर्तका अधीनमा रही म्याद थप गर्न मिल्ने नमिल्ने सम्बन्धमा निर्णय गर्न पुनरावेदक कार्यालयलाई कुनै व्यवधान रहेको देखिँदैन । कुनै पनि सार्वजनिक कार्यालयले आफूकहाँ परेको निवेदनमा कारवाही गरी उचित निकासा दिनुपर्ने कर्तव्य पनि हो । तर, पुनरावेदक भन्सार कार्यालयले सो गर्न सकेको नदेखिँदा पुनरावेदन अदालत, नेपालगंजले परमादेशको रिट जारी हुने ठहर्‍याएको मिति २०६८।३।१ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रत्यर्थीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-CI-००५०, अंश चलन, *बिन्देश्वर राय भन्ने रामस्नेही दास वैष्णव वि. जगन्नाथ दास*

पुनरावेदकलाई पूर्णरूपमा विपक्षीले चादर पगडी खोसेको नदेखिई प्रकृयागतरूपमा गुठी जग्गा मठ मन्दिरको संरक्षण र व्यवस्थापन गर्ने केन्द्रीय निकाय गुठी संस्थानमा हटाउन सिफारिशसम्म गरेको पाइयो । अन्तिम निर्णय गर्ने अधिकार भएको निकायले निर्णय नगरेसम्म पुनरावेदकको महन्थ पदवी पूर्णरूपमा खोसिएको सम्झन उक्त टिप्पणी र आदेशका आधारमा मिल्ने देखिँदैन । अर्कोतर्फ गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय नहुँदासम्म

पुनरावेदकले आफ्नो भनाई निर्णय गर्ने केन्द्रीय निकाय गुठी संस्थानमा राख्नसक्ने नै देखिन्छ । अर्कोतर्फ पुनरावेदकले यस अदालतमा पुनरावेदन गर्दासम्म गुठी संस्थान केन्द्रीय कार्यालयबाट आफूउपर यस्तो भयो भनी उल्लेख गर्नसमेत सकेको पाइँदैन। पूर्ण निर्णय नै भइनसकेको अपरिपक्व अवस्थामा सिद्धान्ततः उत्प्रेषणको आदेश जारी हुन नसक्ने हुनाले निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०७३५, निषेधाज्ञा परमादेश, *सोनावतीदेवी वि. मालपोत कार्यालय, महोत्तरीसमेत*

कानूनले अधिकार प्रदान गरेको निकायका अधिकारप्राप्त व्यक्तिले आफू कर्तव्यप्रति सचेत रहेको भनी स्वीकार गरेको अवस्थामा अदालतले अन्यथा सम्झन उपयुक्त हुँदैन । यस्तो स्थितिमा परमादेशसमेतको निवेदन खारेज हुने ठहर्‍याएको मिति २०६९।१।५ गतेको पुनरावेदन अदालत, जनकपुरको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०७७५, निषेधाज्ञा परमादेश, *विद्यानन्द चौधरीसमेत वि. सीतादेवी विमली*

आफ्नो कार्यालयमा पर्न आउने निवेदन दर्ता गरी कानूनबमोजिमको उचित निकासा दिनुपर्नेमा सो भए गरेको लिखित जवाफसमेतमा विपक्षी समितिले उल्लेख गर्न सकेको पाइएन । विपक्षी समितिका तर्फबाट पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन अदालत, राजविराजबाट जारी भएको परमादेशको आदेशलाई विपक्षी समितिले स्वीकारी बसेको नै पाइयो । अदालतको आदेश कार्यान्वयन गर्ने साधिकार निकाय घरेलु तथा साना उद्योग विकास समिति उदयपुरले पालना गरेको पाइयो । प्रत्यर्थी निवेदिकाले उजूरी निवेदन दर्ता गर्न ल्याए दर्ता गरी कारवाही गरिदिनु भनी पुनरावेदन अदालत, राजविराजबाट भएको आदेशलाई अन्यथाको रहेछ भनी मान्न कानूनतः मिल्ने देखिन आएन । उक्त आदेशबाट पुनरावेदकहरूको कुनै हक हितमा असर पर्न गएको भन्ने नदेखिँदा प्रत्यर्थीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१११९, निषेधाज्ञा परमादेश, *जोगेन्द्र महरा चमार वि. जिल्ला विकास समितिको कार्यालय, धनुषासमेत*

कानूनी हक र अधिकार स्थापित भएका कुरामा अतिक्रमण भएमा शीघ्र न्यायको लागि रिट निवेदनको माध्यमबाट उपचार खोज्ने र लिखित जवाफसमेतबाट त्यस्तो अवस्था देखिन आएमा आदेश जारी गरी हक र अधिकारको सुनिश्चित गर्ने कार्य अदालतबाट हुने हो । त्यस्तो अवस्थाको विद्यमानता पुनरावेदकबाट देखाउन सकेको पाइएन । यस्तो स्थितिमा निवेदन खारेज गर्ने ठहर गरी पुनरावेदन

अदालत, जनकपुरबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-CI-०१०६, निषेधाज्ञा, *जितेन्द्र चौधरीसमेत वि. लक्ष्मी चौधरी*

कानूनले प्रदान गरेको अधिकार र कार्यविधि अवलम्बन गरी पुनरावेदकले सामान्य क्षेत्राधिकारअन्तर्गत आफ्नो हक र अधिकार सिर्जनाका लागि सक्षम निकाय सप्तरी जिल्ला अदालतमा CP-०२७७ को नामसारी बदर र CP-०२७८ को लिखित बदर मुद्दाहरू दर्ता गरेको लिखित जवाफ एवं पुनरावेदनमा उल्लेख गरेको पाइयो । निषेधाज्ञाको आदेश कसैको पनि हक स्थापन वा विस्थापनको आधार बन्न सक्दैन । यसमा तत्कालका आधार प्रमाणकै आधारमा निष्कर्ष निकाल्नुपर्ने हुन्छ । ती आधार प्रमाण साधिकार निकायबाट बदर वा अन्यथा हुने वा हुन सक्ने सम्भावनाको आधारमा निषेधाज्ञा जारी गर्ने वा नगर्ने निष्कर्ष निकाल्न नमिल्ने ।

अदालतमा विचाराधीन उक्त मुद्दाहरूमा कानूनबमोजिम पुनरावेदकको हक सुरक्षित गर्नेतर्फ निषेधाज्ञाको आदेश जारी भएकै कारणले कुनै असर कानूनतः पर्ने हुँदैन । सक्षम अदालतमा विचाराधीन मुद्दाहरूबाट पुनरावेदकले लिखित जवाफ एवं पुनरावेदनमा दावी लिएका कि.नं. ४५६ र ४६४ को जग्गाहरूमा आफूले पाउने कानूनबमोजिमको हक प्राप्त भई स्वामित्व सिर्जना हुने हुँदा पुनरावेदन अदालत, राजविराजबाट निषेधाज्ञासमेतको रिट जारी हुने ठहर्‍याएको मिति २०६९।०९।२२ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रत्यर्थीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-CI-०००१, निषेधाज्ञा, *भानसिंह धामी वि. गोपालसिंह धामी*

निषेधाज्ञाको निवेदन जारी हुनको लागि प्रारम्भिकरूपमा नै व्यक्तिको कानूनी हक र हितमा असर पर्ने गम्भीर स्थिति देखिनुपर्दछ, जुन कुरा पुनरावेदकको निवेदन एवं पुनरावेदन जिकीरबाट पुष्टि हुन सकेको छैन । अर्कोतर्फ निवेदन संलग्न जग्गाधनी स्रेस्ता प्रमाणबाट कि.नं. ३१ पुनरावेदकका पिताको नाउँमा रहेको देखिन्छ । उक्त कि.नं. ३१ का अधिकारप्राप्त व्यक्तिले स्वयम् दावी गर्न नसकेको अवस्थामा उक्त कि.नं. हुँदै कि.नं. ३० को पुनरावेदकको घरबासको जग्गामा वर्षायामको पानी बगी आघात पर्दछ भनी अनुमान गरी आदेश जारी गर्न कानूनतः र व्यवहारतः नमिल्ने देखिन आउँछ । यस्तो अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन ५ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६९-CR-०००१, अदालतको अपहेलना, *भानसिंह धामी वि. गोपालमान सिंह धामी* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१३

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०४४४, उत्प्रेषण परमादेश, *भविचन्द्र राई वि. एलिसा राइसमेत*

रिट निवेदकको सम्बन्धविच्छेद् मुद्दामा तामेल भएको म्याद व्यहोराबाट नै अ.बं. ११० नं. को प्रक्रियाबाट कार्य पूरा भएको अवस्थामा सो नियमावलीबमोजिमको प्रक्रिया पूरा गरिएन भन्ने दावी जिकीर नै अप्रासङ्गिक छ । तसर्थ, रिट निवेदकले उल्लेख गरेका कुनै पनि त्रुटि विद्यमान रहेको नपाइएकोमात्र नभई सम्बन्धबिच्छेद् भई मिति २०६७।११।१० देखि नै अलग रहेकी प्रत्यर्थी एलिसा राईसँग पुनः सम्बन्ध कायम गर्ने भन्दा पनि हङकङमा रहने निवेदकको अभिप्राय नेपालमा रहेकी श्रीमतीले दायर गरेको सम्बन्धबिच्छेद् मुद्दाले निरन्तरता पाओस् भन्नेतर्फ नै लक्षित रहेको मान्न पर्ने हुन्छ । श्रीमती स्वयम्ले सम्बन्धबिच्छेद्को माग गरी अदालत प्रवेश गरेको मुद्दा यो हो । यस रिट निवेदनमा समेत उक्त मुद्दाकी वादीको कुनै दुराशय रहेको उल्लेख हुन सकेको पाइँदैन । तसर्थ, यस रिट जारी गर्न समन्यायिक दृष्टिकोणबाट समेत न्यायसङ्गत् देखिएन । यो आधार र कारणबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १० गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-१०१४, उत्प्रेषण परमादेश, *रतनलाल गुरूङ वि. जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौंसमेत*

आफ्नो घरमा टाँस भएको म्याद र आफ्नै छोरीले बुझेको म्याद आफ्नो बाबुलाई जानकारी गराइनन् होला भन्न मिल्ने विश्वसनीय आधार देखिँदैन । निवेदकले कल्पना गुरूङ मेरी एकाघरकी छोरी होइनन् भन्न सकेको पनि पाइँदैन र उनलाई रिटमा विपक्षी बनाउन सकेको पनि पाईंदैन । तसर्थ, म्यादवालाको एकाघरकी छोरीले बुझेको म्यादको जानकारी निवेदकले पाएनन् होला भन्न मिल्ने देखिएन र यसलाई अ. बं. ११० को परिप्रेक्ष्यमा बेरीत मान्न नमिल्ने ।

प्रस्तुत विवादमा निवेदनको वतनमा कुनै शङ्का छैन र सो वतनमा नै निजकी एकाघरकी छोरीले निजको नामको म्याद बुझेको कुरामा निवेदकको चुनौती छैन । सोही वतनमा दुबै म्याद तामेल भएका छन् । निवेदकबाट प्रतिवाद भएको छैन । सबूद प्रमाणको रोहबाट शुरू जिल्ला र पुनरावेदन अदालतबाट फैसला भएका छन् । ती अदालतबाट विधिसम्मत्‌रूपमा भएका फैसला असाधारण अधिकारक्षेत्रबाट बदर गरिनुपर्ने कुनै कानूनी आधार र औचित्य नहुँदा रीतपूर्वक तामेल भएको देखिँदा सो आधारमा भएका फैसलाहरूले ठहर्‍याएको सजाय असूल गर्ने प्रयोजनका लागि निवेदकलाई कैद ठेकी थुनामा पठाइएको काम व्यवहारबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकमा आघात पुगेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १० गते रोज ६ शुभम् ।

१५

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-३९१, आयस्ता बाली, *कृष्णकुमार राई वि. सञ्चमान तामाङ*

प्रतिवादी आफ्नो घरमा गोठालो बसेको भन्ने पुनरावेदक वादीको कथन हुँदा यस्तो गोठालो बसेको व्यक्तिबाट बाली भरी पाउनुपर्ने भन्ने फिराद दावी कानूनसङ्गत

देखिएन । फिराद दावीमा उल्लिखित अवधिमा प्रत्यर्थी प्रतिवादीले फिराद दावीमा उल्लिखित जग्गा कमाएको भन्ने तथ्य नै पुष्टि हुन नआएकोले प्रतिवादीबाट आयस्ता बाली भराई पाउनुपर्ने भन्ने वादी दावी एवं पुनरावेदन जिकीर पुग्नसक्ने नदेखिँदा वादीले प्रतिवादीबाट कि.नं. २७ र २९ को जग्गाको २०६० देखि २०६६ सालसम्म सात वर्षको बाली वा सोको नगद भरिपाउने ठहर्‍याएको भोजपुर जिल्ला अदालतको मिति २०६८।३।२७ को फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।१।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

१६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०७०२, भ्रष्टाचार, *कुन्दनप्रसाद घिमिरे वि. नेपाल सरकार*

प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा प्रमाणपत्र जारी गर्ने निकायबाटै पुनरावेदकले स्नातकोत्तर तह उत्तीर्ण नगरेको भनी जानकारी दिइसकेको अवस्थामा आफूले उत्तीर्ण नै नगरेको स्नातकोत्तर परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको भनी झूट्ठा व्यहोरा उल्लेख गरेको पाइन्छ । यही झूट्ठा व्यहोरा जनाई अधिकृत पदको परीक्षामा सम्मिलित भै नियुक्ति पाएकोमा पछि नियम संशोधन भै सुपरभाइजर पदमा नियुक्ति पाएको देखिन्छ । यसरी स्टोर अधिकृत पदमा नियुक्तिको लागि आवश्यक पर्ने स्नातकोत्तर तह उत्तीर्ण नै नगरेको अवस्थामा पनि उत्तीर्ण गरेको भनी योग्यता ढाँटी ओहदा प्राप्त गरेको देखिन आयो जुन कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुसारको कसूरको परिभाषाभित्र परेको देखिँदा स्नातकोत्तर उत्तीर्ण नगरेको व्यक्तिले सो उत्तीर्ण गरेको भनी झूट्ठा प्रमाणपत्र पेश गरी लाभ लिएको कार्य भ्रष्टाचार ऐन, २०१७ को दफा १२ अन्तर्गतको कसूर देखिई सो कुरा पुष्टि भएको हुँदा निजलाई सोही ऐनको दफा १२ अनुसारको कसूर ठहर गरी ऐ. ऐनको दफा १२ र २९(२) बमोजिम सजाय गर्ने गरेको विशेष अदालतको मिति २०६६।८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मोहनप्रसाद वास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

१७

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०९७५, कम्पनी खारेज, *जानकी दाहाल वि. जीवनाथ (जीवन) घिमिरेसमेत*

तीनजना शेयरवालामध्ये कसलाई हटाई पुनरावेदक वादीको शेयर कायम गरिदिनुपर्ने हो सोसमेत पुनरावेदक वादीले खुलाउन सकेको देखिँदैन । साथै कानूनबमोजिम कायम भएको शेयर कानूनबमोजिमको प्रक्रियाबाट मात्र हस्तान्तरण वा घटीबढी हुने हुँदा विधिसम्मत् प्रक्रियाबिना नै आफू विद्यालयको शेयरवाला कायम हुनुपर्ने भन्ने वादी दावी कानूनसम्मत् नदेखिने ।

मिति २०५९।४।१९ को सम्झौतापत्रबमोजिम कम्पनी दर्ता भै पुनरावेदक वादी शेयरधनी कायम भई नसकेको भन्ने देखिँदा शेयरधनी कायम भई नसकेका यी पुनरावेदक वादीको हकमा कम्पनीको शेयरवालाले आफ्नो हितविरूद्ध भएको कामकारवाहीको सन्दर्भमा निवेदन गर्नसक्ने तत्कालीन कम्पनी ऐन, २०५३ दफा १३१(४)(च) को कानूनी

व्यवस्था आकर्षित नहुने ।

दुई पक्षबीच भएको सम्झौता पालना नगरेबाट करारको कुनै पक्षलाई हुने हानि नोक्सानी सम्बन्धमा करार ऐन, २०५६ को दफा ८३, ८४ र ८५ अनुसार दावी गरेका बखत भराई लिनसक्ने नै देखिँदा शुरू मोरङ जिल्ला अदालतबाट मिति २०६४।९।२२ मा भएको मिति २०६७।३।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६७-CI-०९७६, हरहिसाब गराईपाऊँ, *जानकी दाहाल वि. जीवनाथ (जीवन) घिमिरेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-१२५८, निषेधाज्ञा, *विनयकुमार उपाध्याय वि. देवनाथ उपाध्यायसमेत*

निवेदकले विवाद देखाएको घरको अस्तित्व नै विवादास्पद हुनुका साथै निवेदन दावीको कि.नं. ८५९ को जग्गामा समेत निजको निर्विवाद हक कायम नभई निजले स्वामित्व प्राप्त गरेको हालैको बकसपत्र लिखतका सम्बन्धमा मुद्दा दायर भई विचाराधीन रहेको देखिँदा निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६७-CR-१०१७, अपहेलना, *विनयकुमार उपाध्याय वि. देवनाथ उपाध्यायसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१९

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-०५०४, लुटपीट, *भगीरथ पोखरेलसमेत वि. गोपीकृष्ण पोखरेल*

वादी गोपीकृष्ण पोखरेलको कि.नं. १२८१ को ज.वि. १-१-० मध्ये न.नं. २, १०, ११, १२, १३, १४ को जग्गा कि.नं. १८१८ को २-१७-० मध्ये न.नं. २० को जग्गा तथा कि.नं. १५२९ को ०-१९-१० मध्ये न.नं. ८, ९, १७, १८ को जग्गा खिचोला भएको भनी निर्णय भएको देखिँदा प्रत्यर्थी वादीको उपरोक्त न.नं. मा उल्लिखित क्षेत्रफलबमोजिम पुनरावेदक प्रतिवादीहरूबाट जग्गा खिचोला भएको भनी उक्त मुद्दामा ठहर भएको हुँदा सोही क्षेत्रफलबमोजिमको जग्गामा वादीले लगाएको मकै बाली प्रतिवादीहरूले लुटपीट गरेको देखिन आउने हुँदा वादी दावी पुग्न नसक्ने ठहऱ्याई शुरू झापा जिल्ला अदालतबाट मिति २०६८।५।२५ मा भएको फैसला उल्टी गरी वादीको ज.वि. १-१०-९ सम्म जग्गाको प्रति बिगाहा ४० मनका दरले हुने ६० मन ३६ शेर मकै बाली प्रतिवादीहरूले लुटपीट गरेको ठहर गरी सो मकै बाली वा सोको प्रतिमन रू. ६२५।— का दरले हुने रू. ३८०६२।५० वादीले प्रतिवादीबाट भराई पाउने र मुलुकी ऐन, लुटपीटको ४ नं बमोजिम २० प्रतिशतले हुने रू. ७६१२।५० प्रतिवादीहरूलाई जरीवाना हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

२०

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०८२५,

अदालतको अपहेलना, *रामप्रसाद साहसमेत वि. नेत्रकुमारी सिटौला*

किं.नं. १५३ को जग्गाको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको भन्ने पनि निवेदन व्यहोराबाट देखिन्छ । यस्तो प्रकृतिको जग्गालाई प्रहरी चौकी निर्माण समितिले निवेदकको जग्गा नभै सार्वजनिक जग्गा हो भनी पुनरावेदन अदालत, विराटनगरमा प्रतिवाद गरेको देखिन्छ भने अदालतको आदेशबमोजिम गर्न गराउन प्रतिबद्ध छौं भन्ने व्यहोरासमेत लिखित जवाफमा उल्लेख गरेको पाइँदैन । यी पुनरावेदकहरूको लिखित जवाफ व्यहोरामा क्षमायाचनासहितको अभिव्यक्ति परेको पनि नदेखिएको र लिखित जवाफमा पुनरावेदन अदालत, विराटनगरको आदेशबमोजिम भवन निर्माण कार्य नगरेको भन्ने नदेखिई सार्वजनिक हितका लागि भवन निर्माण गरेको भन्ने व्यहोरा उल्लेख भएको हुँदा उपरोक्त तथ्यबाट पुनरावेदकहरूले पुनरावेदन अदालत, विराटनगरको आदेशको अवज्ञा गरेको भन्ने देखिन्छ । प्रत्यर्थीको निजी जग्गामा प्रहरी चौकी भवन निर्माण समिति गठन गरी पुनरावेदकहरूले अदालतको आदेशको अवज्ञा गरेको हुँदा अदालतको अपहेलना गरेको अवस्था देखिन आउने ।

पुनरावेदन अदालत, विराटनगरको फैसलामा आदेशप्राप्त भएका मितिले १५ दिनभित्र पूर्व आदेश पालना गर्नेछौं भनी प्रतिबद्धता प्रकट गरी कागज गरेमा विपक्षीहरूलाई भएको जरीवाना असूल नगर्ने व्यहोरा उल्लेख भएकोमा यी पुनरावेदकहरूले पुनरावेदन अदालतको पूर्व आदेश परिपालना गर्नेछौं भनी मिति २०६८।६।२६ मा प्रतिबद्धतासमेत व्यक्त गरेको पाइँदा विपक्षीहरूमध्येका समितिका अध्यक्ष, पदाधिकारी र सदस्यहरूले न्याय प्रशासन ऐन, २०४८ को दफा १८ को उपदफा (२) बमोजिम अदालतको अपहेलना गरेको ठहर्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

२१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-१०४८, अदालतको अपहेलना, *मुनियादेवी थरूनी वि. भूमिलाल चौधरीसमेत*

निवेदक मुनियादेवीको किनं ९१ को जग्गामा कसैले केही पनि गरेको छैन, निवेदन दावीमा उल्लिखित बाटो २०२६ सालदेखि चालू भएको बाटो हो, सम्मानीत अदालतको अपहेलना हुने कुनै कार्य नभएको भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । उपरोक्तबमोजिम यी पुनरावेदक निवेदक मुनियादेवीको मन्जुरीबिना बाटो निर्माण गर्न लागेको वा जग्गा कब्जा खिचोला गरेको भन्ने विषयको नालिस वा उजूर परेमा साधिकार निकायबाट ठहरेबमोजिम सोको निरोपण हुने नै हुँदा अदालतको अपहेलनामा कारवाही हुनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

अदालतको अपहेलना गरेको भन्ने निवेदन दावी लिखित जवाफ व्यहोराबाट खण्डित भएको र पुनरावेदकको नाउँ दर्ताको किनं ९१ को जग्गामा पुनरावेदकको मन्जुरीबिना बाटो निर्माणको लागि जग्गा कब्जा खिचोला गरेको भए सोउपर साधिकार निकायमा नालिस वा उजूर गरेका बखत ठहरेबमोजिम सोको निरोपण

हुने नै हुँदा अदालतको अपहेलना गरेको नठहर्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

२२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-१२३५, बहुविवाह, *राजकुमार तिवारी वि. नेपाल सरकार*

पुनरावेदक राजकुमार तिवारीले शुरू जिल्ला अदालतमा बयान गर्दा जाहेरवाली रेश्मा तिवारीले मिति २०६३।३।२५ मा आफूलाई दोस्रो विवाह गर्न मन्जुरनामा दिएको भनी लेखाए तापनि निजबाट पेश भएको लिखत हेर्दा मिति २०६३।३।२५ मा लेखाएको हुँदा मिति नै फरक परेको अवस्था देखिन्छ । साथै पेश भएको लिखतमा कुनै सहीछापसमेत भएको पाइँदैन । त्यस्तै, लिखतको व्यहोरा हेर्दा लिखतमा "रेश्मा" थप गरी "मातृका" लाई कोष्ठभित्र राखेको देखिन्छ । लिखतमा देखिएको उपरोक्त तथ्यबाट जाहेरवालीको नामसँग एकरूपता ल्याउन खोजेको भन्ने प्रष्ट देखिन्छ । त्यस्तो बेरीतपूर्वकको कागजलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने हुँदा पुनरावेदकको उपरोक्त पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी राजकुमार तिवारीलाई अभियोग माग दावीबमोजिम कसूर अपराध गरेको ठहर्‍याएको हदसम्म शुरू भोजपुर जिल्ला अदालतको फैसला सदर गरी एक वर्ष कैद र रू ५०००।— जरीवाना हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WH-००३२, बन्दीप्रत्यक्षीकरण, *राजेशप्रसाद श्रेष्ठ वि. मनमाया घर्ती क्षेत्रीसमेत*

बच्चा जन्मिनुपूर्व र जन्मेपछि पनि आफू सक्षम नभएसम्म आमाकै साथमा रहन्छ । चराचुरूङ्गीलगायत स्तनधारी जनावरहरूसमेतमा यही प्रकृतिको नियम लागू हुन्छ । एउटा बच्चाको लागि आफ्नो जन्म दिने आमाभन्दा नजिकको संरक्षक अरू कोही हुन सक्दैन, त्यसैले प्रथम तथा प्राकृतिक संरक्षक आमा नै हो । जन्म दिने आमाले आफ्नो बच्चाको सन्दर्भमा अहित हुने किसिमको कुनै कार्य गर्छ भनी सहज स्वीकार्न मात्र होइन कल्पनासम्म पनि गर्न सकिँदैन । सिद्धान्ततः बन्दीप्रत्यक्षीकरणको रिट गैरकानूनी थुनाको विरूद्ध जारी हुने हो र यो बन्दी भनिएको व्यक्तिको अहित नहोस् भनी उसको हितमा जारी हुने हो । बन्दीप्रत्यक्षीकरणको आदेश बन्दीकै अहित हुने गरी जारी गरिँदैन । नाबालक मिराज श्रेष्ठ आफ्नो जन्म दिने आमाको संरक्षकत्वमा नै रहेको र त्यहाँ नाबालकको हितको संरक्षण नै हुने अवस्था हुँदा जबर्जस्तीरूपमा गैरकानूनी ढङ्गले बन्दी बनाई राखेको भनी अर्थ गर्न मिल्ने देखिएन । नाबालक छोरा मिराज श्रेष्ठ आफ्नो आमाको साथमा निजकै संरक्षकत्वमा रहेको अवस्थालाई गैरकानूनी थुनाको अवस्था भनी मान्न मिलेन । तसर्थ आमाको संरक्षकत्वमा रहेको नाबालकलाई गैरकानूनी तवरबाट आमाले बन्दी बनाएको भन्न मिल्ने अवस्था नरहने ।

छोरासँग भेट्ने हकको उपचार प्रचलित

कानून मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ३ नं.को देहाय ४ र विषेश कानूनको रूपमा रहेको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ८(१) र २०(१) अनुरूप अतिरिक्त कानूनी व्यवस्था रहेको र उक्त कानूनी उपचारको व्यवस्था पर्याप्त र प्रभावकारी भएको हुँदा सोही बाटोबाट निवेदक अदालत प्रवेश गर्नुपर्ने हुन्छ । निवेदकको त्यस्तो हक हनन् भएको भए साधारण क्षेत्राधिकारअन्तर्गत जिल्ला अदालतमा निवेदन दिनुपर्नेमा असाधारण क्षेत्राधिकारअन्तर्गत रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने होइन । यसरी निवेदकको मागबमोजिमको हक प्रचलनको लागि वैकल्पिक कानूनी उपचारको पर्याप्त र प्रभावकारी बाटो विद्यमान रहेको अवस्थामा रिटको असाधारण क्षेत्राधिकार ग्रहण गरी निवेदन माग दावीअनुसारको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मीना गुरूङ

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०२९६, अंश दर्ता, *कुमादेवी देव वि. हरिनारायण देव*

मिति २०२०।४।३१ को बण्डापत्र हेर्दा जीउनी जग्गाहरूको सम्बन्धमा बचत हुन आएकोमा शेषपछिको अन्तिम संस्कार गरी तीनै छोराले बरोबर बाँडी खान मन्जुर भएको भन्ने उल्लेख भएको र वादीले बण्डापत्रबमोजिम नै बाँकी रहेको जीउनी जग्गाबाट आफ्नो भागको ३:१ खण्ड बण्डा गरी पाउन माग गरेको हुँदा सो सम्पत्तिमा वादीले बण्डा गरी पाउने होइन भन्नु न्यायसङ्गत हुँदैन । तसर्थ अंशबण्डाको लिखतबाट नै ३ खण्डको एक खण्ड बाँडी खाने भनेको आधारमा आफ्नो भाग अंश बाँडिपाउन आएको उक्त जग्गा वादीले बण्डा गरी पाउने होइन भन्ने पुनरावेदकको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । अतः आमा लिलादेवी देवको जीउनीमध्येको सम्पत्तिबाट वादीले ३ भागको १ भाग पाउने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६६।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०९००, कर्तव्य ज्यान, *राममिलन रैदास वि. नेपाल सरकार*

सबूद प्रमाणसमेतले समर्थन गरिरहेको अवस्थामा अदालतसमक्ष गरेको बयानसमेतलाई प्रहरीको प्रभाव र दबाबमा परी गरेको भनी सतहीरूपमा पुनरावेदनपत्रमा उल्लेखसम्म गरेको आधारमा मात्र सो कुरा मान्न मिल्ने अवस्था रहँदैन । अतः प्रतिवादीले श्रीमतीसँग झगडा गरी कुटपीट गरी ज्यान मारेको हुँदा अभियोग दावीबमोजिम प्रतिवादीलाई सजाय गर्ने गरी शुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगंजबाट भएको मिति २०६७।५।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ ८ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०१०३,

उत्प्रेषण, *सुरेन्द्र महतोसमेत वि. क्षेत्रीय पशु सेवा निर्देशनालय, ललितपुरसमेत*

निवेदकहरूलाई मिति २०६९।२।१९ मा क्षेत्रीय पशुसेवा निर्देशनालय, मध्यमाञ्चलले विभिन्न कार्यालयमा सरूवा पदस्थापना भई तत्तत् कार्यालयमा कामकाज गरिरहेको अवस्थामा उक्त सरूवा निर्वाचन आचारसंहिताविपरीत भएको भनी निर्वाचन आयोगको निर्णयबमोजिम सरूवा बदर भएको देखिन्छ । तर तोकिएको समयमा संविधानसभाको निर्वाचन हुन नसकेकोले मिति २०६९।२।२४ को आचार संहिता क्रियाशील नभएको भनी आयोगबाट मिति २०६९।४।१६ मा निर्णयसमेत भइसकेको भन्ने निर्वाचन आयोगबाट पेश भएको लिखित जवाफबाट देखिन्छ । यसमा निर्वाचन आयोगबाट मिति २०६९।२।२४ मा जारी भएको आचारसंहिता र सोबमोजिम भए गरेका कामकारवाही नै निष्क्रिय भइरहेको र निवेदकहरू आफू सरूवा पदस्थापन भएको कार्यालयमा कामकाज गरिरहेको अवस्था विद्यमान रहे भएको अवस्थामा निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारमा आघात परेको नदेखिँदा निवेदन माग दावीबमोजिमको उत्प्रेषणको आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल माघ ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०८४७, उत्प्रेषण, *मोहनकुमार थापा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

निवेदक निजामती सेवा ऐन, २०४९ को दफा २४घ.१ बमोजिम बढुवा भई राजपत्राङ्कित तृतीय श्रेणी (विशेष) पदमा कार्यरत् रहेकोमा कुनै विवाद देखिँदैन । त्यसरी ऐनको दफा २४घ१. बमोजिम विशेष बढुवा पाएका कर्मचारीलाई सोही पदमा समायोजन गर्ने गरी भएको ऐनको संशोधित व्यवस्थाबमोजिम यी निवेदक मिति २०७०।८।१२ मा श्रम कार्यालय, पर्सामा सरूवा भई रमानासमेत भइसकेको भन्ने बहसको क्रममा विद्वान सहन्यायाधिवक्ताबाट पेश भएको रमानापत्रबाट देखिन्छ । यसरी यी निवेदक शाखा अधिकृत पदमा समायोजन भई रमानासमेत भइसकेको अवस्थामा परिस्थितिमा मौलिक परिवर्तन भई उत्प्रेषणको आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल माघ ७ गते रोज ३ शुभम् ।

## एकल इजलास

१

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-AP-०१५९, अपहेलना, *गगनसिँह नेगी वि. प्रा. डा. जयराज अवस्थीसमेत*

यिनै रिट निवेदक गगनसिँह नेगीले महेन्द्रनगर नगर विकास समितिको कार्यालयसमेतउपर यसै अदालतमा दायर गरेको ०६६-WO-०३३१, को उत्प्रेषण रिट निवेदनमा यस अदालतबाट मिति २०६८।६।२७ मा आदेश हुँदा विवादित कि.नं.५३९ को जग्गामा निवेदकले बनाएको घर छाप्रा खाली गर्ने भनी महेन्द्रनगर नगर विकास समितिले गरेको निर्णय तथा सोको आधारमा मिति २०६४।५।२ मा लेखेको पत्र बदर गरी निवेदकले नगर विकास समितिमार्फत नगर विकास पुनरावेदन समितिमा पुनरावेदन उजूरी दिएको र सोमा उपयुक्त

निर्णय गर्नुसम्म भनी आदेश भएको देखिँदा सो आदेशसमेतको प्रतिकूल हुने गरी विपक्षीहरूले भवन निर्माण प्रारम्भ गरेको नभई सो जग्गामा बाली नलगाउनु भन्ने विज्ञापन प्रकाशन गरेको देखिएको र सो जग्गामा निर्माण कार्य प्रारम्भ भई नसकेको अवस्थामा बाली नलगाउनु भन्ने सूचनाबाट अदालतको अपहेलनाजन्य कार्य भइसकेको भन्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७० साल मङ्सिर १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WH-००४९, बन्दीप्रत्यक्षीकरण, *राम श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

प्रस्तुत मुद्दामा गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ भन्ने निवेदन माग भएकोमा बन्दी बनाइएको भनिएका राम श्रेष्ठले थुनामुक्त भइसकेको हुँदा निवेदन तामेलीमा राखिपाऊँ भन्नेसमेत व्यहोराको निवेदन पेशीका दिन इजलाससमक्ष पेश गरेको पाइँदा आफू छुटिसकेको भनी सम्बन्धित व्यक्तिले नै निवेदन दिएको र सो निवेदन निजका हकमा निवेदन दिने अधिवक्ता भ्रमण श्रेष्ठ (प्र.प.नं. १५८२) ले नै मस्यौदासमेत गरेको देखिएबाट प्रस्तुत रिट निवेदन प्रयोजनहीन हुँदा खारेज हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत ९ गते रोज १ शुभम् ।

## रीत/बेरीत आदेश

१

**स.का.मु. प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०७०-AP-०००७, बैङ्किङ कसूर, *मणिकलाल दास वि. नेपाल सरकार*

निवेदक प्रतिवादीको नाममा दर्ता कायम रहेको का.जि.का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. २२४२ मा भएको अफिस फ्ल्याट नं. ६०३, ६०४ र ६०७ को धितो राखी यी निवेदकले कर्जा लिएको देखिन्छ । धितो नराखी वा कमसल धितो राखी कर्जा लिएको भन्ने स्पष्ट दावी देखिँदैन । जेडिए डेभलपर्सको कर्मचारीको रूपमा काम गर्ने यी प्रतिवादीले लिएको कर्जा रकम सहप्रतिवादी दिव्यकुमार श्रेष्ठले प्रयोग गरेको र निजले नै सो कर्जा रकम तिर्ने बुझाउने गरी सञ्चालक समितिसमक्ष लिखित प्रतिबद्धता व्यक्त गरेको कुरा नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको देखियो । उक्त कर्जा रकममध्ये केही रकम निज प्रतिवादी दिव्यकुमार श्रेष्ठले नै फाइनान्सलाई बुझाइसकेको र बाँकी कर्जा रकम असूलउपरको प्रक्रियामा रहेको भन्ने देखिनाले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल निजलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय (२) बमोजिम थुनामा राख्ने गरी भएको त्यस अदालतको मिति २०७०।२।२७ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब निज निवेदक प्रतिवादीले रू. १०,००,०००।— (दश लाख रूपैयाँ) नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई तारिखमा राख्नु, दिन नसके थुनामा राखी कानूनबमोजिम मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-RE-००७४, बैङ्किङ कसूर, *मणिकलाल दास वि. नेपाल सरकार*
- ०७०-RE-०२४०, बैङ्किङ कसूर,

*हिमालयभक्त प्रधानाङ्गसमेत वि. नेपाल सरकार*

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०७०-RE-००४९, लागू औषध, *पुरन हेल्मु वि. नेपाल सरकार*

प्रतिवादीसमेत रहेको ट्रकबाट धेरै मात्रामा गाँजा बरामद भएको तथा अनुसन्धान अधिकारीसमक्ष कसूरमा साबित रहेको र अन्य सहअभियुक्तहरूको कथनसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसूरदार हो भनी विश्वास गर्ने मनासिब आधार विद्यमान रहेको देखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुनाले अ.बं. ११८ नं. को देहाय २ बमोजिम थुनामा राख्ने गरी भएको त्यस अदालत र पुनरावेदन अदालत, जनकपुरको आदेश मनासिब नै देखिँदा परिवर्तन गरिरहन परेन । तर मुद्दा दायर भई निज प्रतिवादी थुनामा रहेको अवधि, अभियोग दावीबमोजिम निजलाई हुनसक्ने सजायको मात्रासमेतलाई विचार गरी अ.बं. ९४ नं. तथा १९० नं. को कानूनी व्यवस्थाको अधीनमा रही थुनुवाका हकमा प्रमाणको आधारमा ठहरेबमोजिम फैसला गर्नुहोला ।

इति संवत् २०७१ साल वैशाख १० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-RE-०१७२, परमादेश, *वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपाली वि. मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसमेत*

एउटै विषय र कानूनी आधारमा दावी लिई यस अदालतमा अनेक रिट दर्ता रही विचाराधीन रहेकोले सोही विषयमा प्रस्तुत रिट दिन र दर्ता गर्न उक्त कानूनी व्यवस्थाले नमिल्ने देखिँदा यस अदालतका रजिस्टारबाट मिति २०७०।९।२३ मा भएको दरपीठ आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।

इति संवत् २०७० साल चैत २८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-RE-०२१०, कर्तव्य ज्यान, *सुशील कुँवर वि. नेपाल सरकार*

निवेदकलाई ज्यान मुद्दामा शुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट पुर्पक्ष निमित्त थुनामा राखी सुनुवाइ गरिएको र उक्त अदालतले गरेको फैसला उल्टी गरी पुनरावेदन अदालत, पाटनबाट १० वर्ष कैद भएको देखिएको छ । ज्यान मुद्दा थुनामा राखी पुर्पक्ष गर्ने प्रकृतिको मुद्दा भएको साथै निज प्रतिवादी शुरू अदालतमा पुर्पक्ष निमित्त थुनामा बसेकोसमेत देखिएकोले पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन गर्न उक्त अ.बं. १९४ को देहाय २ नं. बमोजिम धरौट लिई पुनरावेदन दर्ता गर्न इन्कार गरेको यस अदालतको सहरजिस्ट्रारको मिति २०७०।१०।२२ को आदेश कानूनप्रतिकूल नदेखिने ।

इति संवत् २०७० साल चैत २८ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०७०-WH-००५४, बन्दीप्रत्यक्षीकरण, *चित्रबहादुर माझीसमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत*

निवेदकहरू चित्रबहादुर माझी, कमल माझी, सुरेन्द्र माझीउपर ज्ञानबहादुर माझीलाई कर्तव्य गरी मारेको भनी आरोप लागेको तर मृतक भनिएका ज्ञानबहादुर माझी जीवितै भएको

भनी निवेदनमा उल्लेख भएको देखिनाले विरूद्ध खण्डमा उल्लिखित मृतक भनिएका ज्ञानबहादुर जीवित नै भएको देखिएमा निजलाई कर्तव्य गरी मारेको भनी आरोप लागेका यी प्रतिवादीहरूलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भन्ने कुरा कानून एवं न्यायसङ्गत् हुन नसक्ने (Miscarriage of Justice) हुँदा ओखलढुङ्गा जिल्ला अदालतले सकेसम्म छिटो, स्पष्ट हुने गरी बुझी मृतक भनिएका व्यक्ति जीवित नै रहेको भएमा जे जो आदेश गर्नुपर्ने हो त्यँहाबाट नै गरी मुद्दाको पुर्पक्षको लागि कारागार शाखा, ओखलढुङ्गामा थुनामा रहेका निवेदक प्रतिवादीहरूलाई थुनाबाट मुक्त गरी सम्बन्धित कर्तव्य ज्यान मुद्दामा साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७१९, उत्प्रेषण परमादेश, *निर्मलरत्न प्रकाश वि. पुनरावेदन अदालत, पाटनसमेत*

मिति २०७०।३।२४ मा भएको बण्डा मुचुल्काको कार्यान्वयनसम्बन्धी कार्य हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा अर्थात् यथास्थितिमा राख्नु भनी अर्को आदेश नभएसम्मकोलागि अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।


## सूचना

२०१६ साल देखि २०३० सालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित ऐतिहासिक महत्त्वका सामाग्रीहरू संकलन गरी प्रकाशित गरिएको :

# नेपाल कानून पत्रिका

## ऐन कानून खण्ड 'क'

(सनद, सवाल, रूक्का, आदेश, फूलकोर्टका निर्णयसमेत)

हाल विक्रीमा छ :- मूल्य रू ५००।-